## अध्याय-एक

# शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्रयोगात्मक नेपाली शब्दकोशमा शब्दहरूको प्रयोग पक्षको अध्ययन** रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३ विषयप्रवेश

प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) नेपाली एकभाषी शब्दकोश परम्परामा हालसम्मकै पछिल्लो र विशिष्ट विशेषतायुक्त शब्दकोश हो । डा. हेमाङ्गराज अधिकारीको प्रधान सम्पादकत्व र श्री बद्रीविशाल भट्टराईको सम्पादकत्वमा विद्यार्थी प्रकाशन प्रा.लि. काठमाडौंद्वारा प्रकाशित उक्त शब्दकोशमा शीर्ष शब्दहरूको सरल र समसामयिक प्रयोग दिनुका साथै शब्दहरूको मानक उच्चारणसम्बन्धी सूचना पनि प्रस्तुत गरिएको छ । जसले गर्दा प्रयोगकर्ताहरूका लागि सही उच्चारण र शब्द प्रयोग स्थितिको सजिलैसँग थाहा हुनसक्ने देखिन्छ । नेपाली भाषामा मानक शब्दकोशको अभाव रहेको वर्तमान अवस्थामा प्रस्तुत शब्दकोशले मानक शब्दकोशको स्थान पूर्ति गर्नसक्ने अपेक्षा राख्न सकिन्छ ।

पठनपाठनका क्षेत्रमा शब्दकोशको अधिक महत्व रहन्छ । यसबाट शब्दको अर्थ, स्रोत, उच्चारण, पदवर्ग, शब्दप्रयोग आदि कुराको जानकारी पाउन सकिन्छ । भाषाका अध्येताका लागि त झन यसले असल सहयोगीको काम नै गर्ने देखिन्छ । यसै परिप्रेक्ष्यमा शब्दकोशसम्बन्धी अध्ययन अनुसन्धानको अभाव रहेको अवस्थामा प्रस्तुत शोधकार्य पहिलो नेपाली प्रयोगपरक कोश प्रनेशको प्रयोग विधानको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.४ समस्याकथन

पठनपाठनका सम्बन्धमा शब्दकोशको ठूलो महत्व रहन्छ । यसले शब्दको अर्थ, स्रोत, प्रयोग सन्दर्भ, उच्चारण आदि कुराको जानकारी प्रदान गर्दछ । त्यसैले यस्ता शब्दकोशहरूको मुख्य विशेषताहरू के-के छन् ? कमजोरीहरू के-कस्ता छन् ? आदि कुराको बारेमा अध्ययन-अध्यापन र जानकारी राख्नु अति आवश्यक रहन्छ । प्रयोगात्मक नेपाली शब्दकोश नेपाली कोश परम्परामा देखापरेको पहिलो एकभाषी प्रयोगपरक कोश भएकाले उक्त कोशमा दिइएका शब्दहरूको प्रयोग के-कस्तो छ । तिनका कमीकमजोरी र प्रमुख विशेषताहरू के-कस्ता छन् तिनको अध्ययन गर्नु यस अध्ययनको प्रमुख समस्या रहेको छ । यिनै कुराहरूलाई मनन गरी प्रस्तुत शोधपत्रले निम्न सवाललाई समस्याका रूपमा लिएको छ ।

(क) प्रयोगात्मक नेपाली शब्दकोशमा के कस्ता आधारमा अर्थ प्रस्तुत गरिएको छ ?

(ख) प्रयोगात्मक नेपाली शब्दकोशमा प्रयोग विधान कस्तो छ ?

(ग) प्रयोगात्मक नेपाली शब्दकोशमा शब्दहरूको प्रयोग कसरी गरिएको छ ?

(घ) प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग पक्षमा देखा परेका समस्याहरूको समाधान कसरी गर्न सकिन्छ ?

(ङ) प्रयोगात्मक नेपाली शब्दकोशका सामान्य विशेषताहरू के-के हुन् ?

## १.५ अध्ययनका उद्देश्यहरू

प्रस्तुत अध्ययन कार्यका निम्नलिखित उद्देश्यहरू रहनेछन् :

(क) प्रनेशमा उपयोग गरिएका अर्थ प्रस्तुतिका युक्तिहरूको अध्ययन गर्नु,

(ख) प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग पक्षको अध्ययन गर्नु,

(ग) शब्द प्रयोगको सूचना प्रस्तुत गर्नमा प्रयोगात्मक नेपाली शब्दकोशको योगदानको वर्णन गर्नु,

(घ) प्रयोगात्मक नेपाली शब्दकोशका सामान्य विशेषता पहिचान गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

कुनै पनि शोधकार्य गर्नु अगाडि सम्बन्धित क्षेत्रमा यसभन्दा अगाडि के-कस्ता अध्ययन अनुसन्धानहरू भएका छन् भनी आवश्यक जानकारी प्राप्त गर्न शोधकर्ताले पूर्वकार्यको समीक्षा गर्नु अत्यावश्यक हुन्छ । यस कार्यबाट अध्येतालाई सम्बन्धित क्षेत्रको ज्ञान बढ्नुका साथै उसले अध्ययन गर्न खोजेको विषयको महत्व नवीनता आदि कुराको ज्ञान हुन पुग्छ । पूर्वकार्यको समीक्षाले अध्ययनको क्षेत्रमा ज्ञान बढाउनुका साथै सो क्षेत्रमा प्रयोग गरिएका सिद्धान्त र विधि प्रविधिहरूको बारेमा महत्वपूर्ण जानकारी प्रदान गर्ने भएकाले स्तरीय अनुसन्धान कार्यका लागि पूर्वकार्यको समीक्षा अपरिहार्य रहन्छ । यहाँ प्रस्तुत शोध शीर्षकसँग सम्बन्धित यस अगाडि भएका केही महत्क्वपूर्ण कार्यहरूको समीक्षा प्रस्तुत गरिएको छ ।

### १.६.१ शब्दकोशको सैद्धान्तिक पक्षसँग सम्बन्धित पूर्वकार्यको सिंहावलोकन

१. 'नेपाली भाषा अधिगोष्ठी २०३३' मा बल्लभमणि दाहालले "नेपाली भाषा र कोश" शीर्षकअन्तर्गत नेपाली भाषाको चर्चा गर्नुका साथै नेपाली कोश परम्पराको चर्चा गरेका छन् । उक्त लेखमा आधुनिक कोशको उपादेयता र नेपाली कोशको वर्गीकरण गरेको पाइन्छ । जसअनुसार सामान्य द्वि/बहुभाषिक कोश, आधिकारिक वर्णनात्मक कोश, व्युत्पत्तिमूलक कोश, विशेष कोश गरी वर्गीकरण प्रस्तुत गरिएको पाइन्छ ।

२. प्रा.डा. रामचन्द्र लंसालद्वारा लेखिएको "कोशविज्ञान र नेपाली कोश" नामक पुस्तकमा कोशविज्ञानका विभिन्न पक्षको चर्चा गरिएको छ । उक्त पुस्तकमा कोशको परिचय, वर्गीकरण, स्वरूप, सम्पादन प्रक्रिया, नेपाली कोशको ऐतिहासिक विकासक्रम, नेपाली कोशका प्रकार आदिको चर्चा गरिएको छ । कोशविज्ञानका क्षेत्रमा देखापरेको एक महत्वपूर्ण कृतिको रूपमा लिइने उक्त पुस्तकमा कोशलाई प्रविष्टि क्षेत्रका आधारमा सामान्य र विशेष कोश गरी वर्गीकरण प्रस्तुत गरेर विशेष कोशअन्तर्गत एक प्रकारका रूपमा 'प्रयोग कोश' को चर्चा गरिएको छ ।

उक्त पुस्तकमा कुनै भाषामा निहित शब्द, उपसर्ग-प्रत्यय वा सर्ग, अभिव्यक्ति आदिको वैध वा प्रामाणिक प्रयोग निर्देश गर्ने कोशलाई प्रयोगपरक कोशको संज्ञा दिइएको पाइन्छ । यस्तो कोशको प्रवृत्ति मानक किसिमको हुने र यस्ता कोशमा सम्यक र मानक प्रयोग स्वीकार्य हुने कुरा बताइएको पाइन्छ । यस पुस्तकमा प्रयोगका दृष्टिले भाषामा सूक्ष्म अन्तर पाइन्छ भन्ने कुराको चर्चा गरिएको छ । जस्तै ; स्नेह र माया शब्दको प्रयोग सबै ठाउँमा समान रूपमा हुन नसक्ने हुँदा प्रयोगपरक कोशको व्यवहारिक उपादेयता निकै गहकिलो रहेको कुरा उल्लेख गरिएको छ । यसरी उक्त पुस्तकका आधारमा प्रयोगपरक कोशको भाषामा महत्वपूर्ण स्थान रहेको कुरा बुझिन्छ ।

३. प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा लिखित “सामाजिक र प्रायोगिक भाषाविज्ञान” नामक पुस्तकमा प्रायोगिक भाषाविज्ञानमा कोशविज्ञान शीर्षकअन्तर्गत शब्दकोशको पृष्ठभूमि, विकास, प्रयोजन, प्रकार, सम्पादन प्रक्रिया, अर्थनिर्देशका तरिका, एकभाषिक कोशको परम्परा तथा विकास आदि पक्षमा चर्चा गरिएको पाइन्छ । उक्त पुस्तकाकार कृतिमा कोशका प्रकारहरूको चर्चा गर्ने क्रममा भाषाभित्रका विभिन्न पक्ष विशेषका आधारमा शब्दकोशहरूलाई वर्गीकरण गर्ने प्रसङ्गमा ‘प्रयोगमूलक कोश’को चर्चा गरिएको छ । उक्त पुस्तकमा शब्दकोशको एउटा महत्वपूर्ण पक्षको रूपमा प्रयोगलाई लिइएको र शब्दको सही प्रयोगबाट नै अर्थको वास्तविक उद्भास हुन सक्ने कुरा उल्लेख गर्दै प्रयोग सन्दर्भगत अर्थको महत्व दर्साइएको छ ।

प्रस्तुत पुस्तकमा प्रयोगमूलक शब्दकोशको बारेमा चर्चा गरी यस्तो कोशको महत्व र आवश्यकताका बारेमा उल्लेख गरिएकाले यस सन्दर्भमा महत्वपूर्ण कृतिका रूपमा लिइएको छ ।

४. खगेन्द्रप्रसाद लुइँटेलद्वारा लिखित “कोशविज्ञान” नामक पुस्तकमा कोशविज्ञानको वर्गीकरणभित्र प्रयोग क्षेत्रका आधारमा शब्दकोशको वर्गीकरणअन्तर्गत प्रयोगमूलक कोशको परिचय दिइएको छ । उक्त पुस्तकमा भाषाका विशेष पक्षहरू (उखान, टुक्का, वाक्य, उपसर्ग, प्रत्यय आदि) लाई विशिष्ट प्रयोगात्मक रूपमा प्रस्तुत गरिएको कोशलाई प्रयोगमूलक कोश भनिएको छ ।

५.	देवेन्द्र पौडेल (२०५९) द्वारा "नेपाली भाषाको विकासमा सर राल्फ लीले टर्नरको योगदान" शीर्षकमा गरिएको स्नातकोत्तर नेपाली शोधपत्रमा टर्नरको नेपाली भाषाको तुलनात्मक र व्युत्पत्तिमूलक कोशको बारेमा चर्चा गर्ने क्रममा नेपाली शब्दकोश निर्माण परम्पराको चर्चा गर्दै अर्थ निर्धारणका विधिहरू, उदाहरणको प्रयोग, उखान-टुक्काको प्रयोग आदि कुराहरूको चर्चा गरिएको पाइन्छ । जसअन्तर्गत टर्नरको कोशमा भएका उदाहरण प्रयोग आदिलाई नमुनाको रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

### १.६.२ प्रयोगात्मक नेपाली शब्दकोशसँग सम्बन्धित पूर्वकार्यको समीक्षा

१.	राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा "नेपाली मानक शब्दको छिटो छरितो कोश" शीर्षक शब्दकोशको भूमिकाका अनुसार मानक शब्द निर्माण गर्ने यो कार्य सम्भवतः पहिलो हो भनिएको छ । प्रस्तुत कोशले लौकिक प्रवृत्तिलाई कथ्य भाषाको निम्ति मान्यता दिएर हामी जस्तो बोल्छौं त्यस्तै लिपिमा उतारेर लेख्य मानक स्वरूपमात्र नभई कथ्य स्वरूप समेत देखाएको छ भन्ने जस्ता कुरा उल्लेख भएको पाइन्छ ।

यसरी हेर्दा प्रस्तुत कोश मानक कोशको रूपमा स्थापित हुन सक्ने अवस्था देखिन्छ । साथै उच्चारण र नवीन प्रयोगका साथ यो कोश देखापरेको कुरा पनि घिमिरेको उक्त अभिव्यक्तिका आधारमा बुझ्न सकिन्छ ।

२.	प्रा.डा. चूडामणि बन्धुद्वारा "प्रयोगात्मक नेपाली शब्दकोशका विषयमा" शीर्षक दिएर लेखिएको कोशको मन्तव्यमा प्रस्तुत कोश यसभन्दा अघिका एकभाषिक कोशभन्दा अग्रगामी बनेको र उच्चारणसम्बन्धी जानकारी दिने पहिलो एकभाषिक नेपाली कोश भनी उल्लेख गरिएको छ । शब्दनिर्माण प्रक्रियालाई सरल किसिमले प्रस्तुत गरिएको र विद्यार्थीको आवश्यकतालाई ध्यानमा राखी मानक हिज्जे, शब्दस्रोत, शब्द प्रयोग, उखान-टुक्का, आदिसँग समेत परिचित हुने उद्देश्य यस कोशले राखेको आदि कुराहरूको उल्लेख पाइन्छ ।

अति सङ्क्षिप्त रूपमा सारपूर्ण भाव व्यक्त गरिएको उक्त मन्तव्य लेखमा प्रस्तुत शब्दकोशमा भएका नयाँ-नयाँ प्रयोग पक्षसँग सम्बन्धित धारणा प्रस्तुत गरिएको पाइन्छ ।

३. ‘हिमाल खबरपत्रिका’ (पूर्णाङ्क १४२) मा ‘जनता’ स्तम्भअन्तर्गत “शब्द सारथि द्वय” शीर्षक दिएर लेखक उल्लेख नगरी प्रकाशित लेखमा भाषाको सर्वस्वीकार्य मानक शब्दकोश बनाउने चुनौतीपूर्ण कार्य यसका सम्पादक द्वयले पाँच वर्षमै फत्ते गरे र अरू कोशभन्दा व्यवहारिक र अग्रगामी कोश रहेछ भन्ने सबैको मूल्याङ्कन रह्यो भन्ने उल्लेख छ । प्रस्तुत लेखमा प्रयोगात्मक नेपाली शब्दकोशका बारेमा सम्पादकहरूको धारणा समेत उद्धृत गरिएको पाइन्छ ।

यसरी प्रयोगात्मक नेपाली शब्दकोशलाई मानक कोशका रूपमा सम्पादक द्वयले निमाण गर्ने चुनौतीपूर्ण कार्य गरेको उल्लेख गरिएको प्रस्तुत लेख शब्दकोशमा नै केन्द्रित नभए पनि प्रयोगात्मक नेपाली शब्दकोशका सम्पादकका रूपमा सम्पादकहरूको चर्चा गरिएकाले यसलाई पनि सान्दर्भिक कार्यका रूपमा लिन सकिन्छ ।

४. शिवप्रसाद भट्टराईद्वारा “कोशनिर्माण परम्परामा प्रयोगात्मक नेपाली शब्दकोश” शीर्षकअन्तर्गत ‘गोरखापत्र’ दैनिक (२०६१ फागुन) मा प्रकाशित समीक्षात्मक लेखमा नेपाली कोशको विकासक्रमको चर्चा गर्दै प्रयोगात्मक नेपाली शब्दकोशका विशेषताहरूको बारेमा उल्लेख गरिएको छ । आधुनिक नेपाली एकभाषी शब्दकोश परम्पराको एक महनीय कोश, उच्चारण, शब्दस्रोत, विपरीतार्थक शब्द, अर्थ र उदाहरणका रूपमा वाक्यमा प्रयोग गरिएको कोश भनिएको छ । यसमा कथ्य मानक र लेख्य मानकबीचको भिन्नतामा उदाहरण सहित प्रष्ट पारिएको छ । नवीन शब्दहरूको समावेश मानकीकरणका सन्दर्भमा समेत एउटा उपयोगी प्रकाशन आदिका रूपमा यस लेखमा प्रयोगात्मक नेपाली शब्दकोशलाई लिइएको छ ।

प्रस्तुत लेखमा प्रयोगात्मक नेपाली शब्दकोशलाई नेपाली कोशनिर्माण परम्पराका आधारमा हेर्न खोजिए तापनि यसका गुणहरूलाई मात्र केलाइएको पाइन्छ भने यसका कमजोर पक्षमा ध्यान केन्द्रित नगरी लेखकीय प्रशंसा मात्र गरिएको पाइन्छ ।

५. डा. गोविन्दराज भट्टराईद्वारा ‘समय’ साप्ताहिक (अङ्क ३३) मा प्रकाशित “इलेक्ट्रोनिक युगलाई चुनौती” शीर्षक लेखमा प्रयोगात्मक नेपाली शब्दकोशलाई

नेपाली वाङ्मयमा निर्मित एउटा महत्वपूर्ण उपलब्धि र नेपाली शब्दकोश निर्माणको इतिहासको सातौं माइलखुट्टी हो भनिएको छ । प्रस्तुत प्रयोगात्मक नेपाली शब्दकोशले शब्दको सङ्ग्रह र तिनको अर्थलाई भन्दा पनि समसामयिकता, प्रयोग, उच्चारणमा एकरूपता र मानकीकरणलाई जोड दिएको छ । यो शब्दकोश कोशविज्ञानको क्षेत्रमा इलेक्ट्रोनिक विधिबाट कोशनिर्माणका सफ्टवेयर निर्माण भइरहेको अवस्थामा पनि हातैले परिश्रम गरिएको र उदाहरणहरू सम्पादकहरूका अनुभव र सहजज्ञानबाट बनिएका छन् । 'भाषा सञ्चार' नामक वाङ्मयिक परियोजनाले नेपाली भाषाको स्तरीकरण र मानकीकरणको जिम्मा लिएको अवस्थामा चुनौतीको सङ्घारमा उभिएर हातैले कार्डमा प्रविष्टि भरेर बनाइएको अन्तिम कोश र इलेक्ट्रोनिक युगमा प्रवेश गर्ने पहिलो कोश हुने भएको छ भनी यसमा उल्लेख गरिएको छ ।

यसरी हेर्दा डा. भट्टराईको उक्त लेखले प्रस्तुत कोशलाई कोश परम्परा र विशेष गरी प्रयोगको क्षेत्रको महत्तम उपलब्धि मानेको पाइन्छ । प्रस्तुत लेखमा कोशविज्ञानका आधारमा यसलाई हेर्नेभन्दा पनि वर्तमानमा यसको महत्व र चुनौती उल्लेखमा केन्द्रित रहेको पाइन्छ ।

६. रामप्रसाद ढुङ्गेलद्वारा "प्रयोगपरक शब्दकोश" शीर्षकको 'समय' साप्ताहिक (२०६१ चैत) मा प्रकाशित लेखमा प्रस्तुत कोशले अनावश्यक शब्द थुपार्ने भकारी शब्दकोश होइन भन्ने परिभाषा थपेको कुरा उल्लेख छ । त्यस्तै यसभन्दा अगाडिका कोशहरूले छुटाउँदै आएको उच्चारणसम्बन्धी, जानकारी यस कोशले दिएको साथै वैकल्पिक हिज्जे प्रयोग नगरी एउटै मानक शब्द निर्धारण गरेको कुरा वताइएको छ । प्रस्तुत शब्दकोशमा करिब ४५ हजार शब्द समेटिएको र १ हजार ७६ पृष्ठमा आवद्ध रहेको कुरा यस लेखमा उल्लेख पाइन्छ ।

प्रयोगात्मक नेपाली शब्दकोशको सामान्य परिचय मात्र दिइएको यस लेखलाई पुस्तक परिचयको रूपमा मात्र लिन सकिने देखिन्छ ।

७. प्रा.डा. दयाराम श्रेष्ठद्वारा "प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग पक्ष र स्वरूप" शीर्षकअन्तर्गत 'गरिमा' मासिक (२०६३ वैशाख) मा प्रकाशित समालोचनात्मक लेखमा विद्यालय तथा महाविद्यालयका विद्यार्थीहरूलाई लक्षित समूह

मानी तयार पारिएको यस कोशमा शब्दलाई सरल वाक्यको प्रयोग वा उदाहरण स्वरूप वाक्यांशमा प्रयोग गरेर देखाउने कार्य भएको उल्लेख छ । त्यस्तै उच्चारणको आधार दिनुले विद्यार्थीको बोलाइ सीपमा सुधार र स्तरीकरण आउने कुरा उल्लेख छ । उक्त लेखमा प्रस्तुत शब्दकोशको प्रविष्टि चयन, उच्चारण, व्युत्पत्ति, वर्णविन्यास, शब्दस्रोत, मानक रूप निर्धारण, समसामयिक र नवीन शब्दहरू समावेश, अर्थ निर्धारणमा वैज्ञानिकता वैकल्पिक प्रविष्टि आदिको बारेमा चर्चा गरी अन्त्यमा सुझावहरू समेत उल्लेख गरिएको छ ।

प्रस्तुत समालोचनात्मक लेखमा कोशवैज्ञानिक आधारमा प्रयोगात्मक नेपाली शब्दकोशलाई हेर्नुका साथै अघिल्ला कोशहरूसँग पनि यसको तुलनात्मक रूपमा चर्चा गरिएको छ । साथै यस कोशका समग्र पक्षहरूका बारेमा गुण, दोष आदि केलाएर यसलाई अझ परिष्कार र परिमार्जनको अपेक्षा राखिएको छ । साथै समयको परिवर्तनसँगै आउने भाषाको गतिशीलतालाई पछ्याउनु पर्ने, लक्षित समूहको आवश्यकतालाई ध्यानमा राखेर नेपालमा प्रसिद्ध साहित्यकार र अन्य क्षेत्रका विद्वानहरूको नाम समावेश गर्ने, कम्प्युटर र सूचना प्रविधिका क्षेत्रमा चलेका शब्दका नेपाली रूपान्तरलाई उदारताका साथ प्रविष्टि दिने, शब्द प्रयोग गरिएका वाक्यलाई बोल्ड गर्ने आदि जस्ता सुझावहरू समेत दिई मूल्याङ्कन प्रस्तुत गरिएको उक्त लेखले यस शब्दकोशलाई विश्लेषण गर्ने बलियो आधार समेत प्रस्तुत गरेको आभास हुन्छ ।

८. नेपाली भाषा शिक्षा विभागद्वारा प्रकाशित 'सम्प्रेषण' वार्षिक (अङ्क २) मा "प्रयोगात्मक नेपाली शब्दकोशलाई सरसर्ती परिक्रमा गर्दा" शीर्षक दिएर नवीन भावुक र कृष्ण ज्ञवालीद्वारा लेखिएको लेखमा पुस्तक परिचयको ढाँचामा रहेर प्रयोगात्मक नेपाली शब्दकोशलाई केलाउने प्रयास भएको छ । उक्त लेखमा प्रस्तुत शब्दकोशले शब्द प्रयोगका सम्बन्धमा उदाहरण, वाक्यमा प्रयोग, उद्धरण वा उखान-टुक्काको समेत उल्लेख गरी वाक्य, पदावली र शब्द तहमा गरी शब्दहरूको प्रयोग तीन तहमा गरिएको कुरा उल्लेख भएको छ ।

उक्त लेखमा प्रयोगात्मक नेपाली शब्दकोशको सामान्य परिचय प्रस्तुत गरिएको पाइन्छ । विशेष गरी शब्दकोशको ‘प्राक्कथन’मा केन्द्रित उक्त लेख प्रस्तुत कोशका बारेमा सामान्य जानकारीमूलक नै देखिन्छ ।

## १.७ शोधविधि

कुनै पनि प्रस्तावित अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन-विश्लेषण गर्नको लागि जुन प्रविधि, मानदण्ड वा सिद्धान्तलाई आधार मानिन्छ, त्यसलाई शोधविधि भनिन्छ । यसले अनुसन्धान कार्यलाई योजनाबद्ध ढङ्गले अगाडि बढाउन सहयोग पुऱ्याउनुका साथै शोधकार्यलाई व्यवस्थित डोरेटो प्रदान गर्दछ ।

### १.७.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्य प्रयोगात्मक नेपाली शब्दकोशमा केन्द्रित रहने भएकाले प्राथमिक स्रोतको रूपमा उक्त शब्दकोशलाई नै मानी अध्ययन कार्य अगाडि बढाएको छ ।

### १.७.२ गौण स्रोत

यस शोधपत्रको सामग्री सङ्कलनको गौणस्रोतको रूपमा शब्दकोशको सैद्धान्तिक चर्चा गरिएका पुस्तकहरू, यस अनुसन्धानको विषयसँग सम्बद्ध पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, शोधकार्यहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख-रचनाका साथै शब्दकोशका सम्पादक तथा यस क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको प्रत्यक्ष सम्पर्क आदिलाई प्रमुख आधार मानिएको छ ।

प्रस्तुत अध्ययनका लागि पुस्तकालयीय विधिलाई नै मूलभूत रूपमा अपनाइएको छ भने सङ्कलित सामग्रीको अध्ययन विश्लेषणका लागि वर्णनात्मक पद्धति र विश्लेषणात्मक पद्धतिलाई अँगाली निष्कर्षमा पुगिएको छ ।

## १.८ अध्ययनको औचित्य

नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो भाषा यहाँका बहुसंख्यक नेपालीहरूको मातृभाषा, सम्पर्क भाषा र विभिन्न क्षेत्रको माध्यम भाषा आदि पनि हो । यस भाषाको व्याकरण तथा शब्दकोशहरूको समेत निर्माण भइसकेको सन्दर्भमा भाषाको मानक रूप उच्चारण, वर्णविन्यास, अर्थ, प्रयोग, व्युत्पत्ति आदि थाहा पाउन शब्दकोशको आवश्यकता महत्वपूर्ण विषय बन्दछ । शब्दकोशले भाषाको स्थिरीकरण र स्तरीकरणमा समेत महत्वपूर्ण स्थान ओगटेको हुन्छ । त्यसैले भाषा समृद्ध र प्रतिष्ठित

हुनका लागि शब्दकोशको निर्माण, प्रयोग र यस क्षेत्रमा विभिन्न अध्ययन अनुसन्धान हुनु अत्यावश्यक मानिन्छ ।

शब्दकोशका माध्यमबाट हामी भाषाको शुद्ध रूप थाहा पाउँछौं । यसका सहायताले शब्दहरूको अर्थ, मानक हिज्जे, प्रयोग सन्दर्भ आदिको ज्ञान हासिल गर्न सकिन्छ । तसर्थ शब्दकोशहरूको बारेमा जानकारी राख्नु भाषाका प्रयोगकर्ताहरूका लागि अति आवश्यक हुन्छ । शब्दकोश प्रयोग गर्नका लागि यसमा वर्णहरूको रखाइ क्रम, स्वरूप, अर्थविधान आदिका बारेमा ज्ञान हुनुपर्छ । तर प्रायोगिक भाषाविज्ञानको महत्वपूर्ण पक्षका रूपमा कोशविज्ञानको पठनपाठन भइरहेका वर्तमान परिप्रेक्ष्यमा नेपाली भाषाको यस पक्षमा अध्ययन अनुसन्धान अति नै कम मात्रामा भइरहेको पाइन्छ । तसर्थ यस परिप्रेक्ष्यमा प्रस्तुत अध्ययनले शब्दकोशका क्षेत्रमा महत्व राख्ने देखिन्छ ।

भाषाको वास्तविक अर्थ त्यसको प्रयोग सन्दर्भबाट मात्र खुल्न आउने हुँदा प्रस्तुत अनुसन्धान पनि अनुसन्धेय कोशको शब्दहरूको प्रयोग पक्षमा केन्द्रित रहेकाले यस अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ ।

प्रस्तुत शोधपत्र नेपाली भाषाको पहिलो मानक कोशका रूपमा रहेको प्रयोगात्मक नेपाली शब्दकोशमा आधारित रहेकाले र शब्दहरूको अर्थ विधानअन्तर्गत प्रयोग विधानको अध्ययनमा केन्द्रित रहेकाले यस भाषाका प्रयोक्ताहरूका साथै शैक्षणिक प्रयोजनका दृष्टिले पनि महत्वपूर्ण मानिएको छ । साथै शब्दकोशका बारेमा जान्न चाहने तथा यस क्षेत्रका भावी अनुसन्धानकर्ताहरूका लागि समेत यस शोधकार्यले मद्दत गर्ने भएकाले औचित्यपूर्ण ठानिएको छ ।

### १.९ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

(क) प्रस्तुत शोधकार्य शब्दकोशमा अर्थ विधानको सामान्य परिचयमा मात्र सीमित रहेको छ ।

(ख) प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र प्रयोगात्मक नेपाली शब्दकोशमा मात्र सीमित गरिएको छ ।

(ग) प्रस्तुत अध्ययन प्रनेशको प्रयोग पक्षमा मात्र केन्द्रित रहेको छ ।

(घ) यस शोधकार्य प्रयोगात्मक नेपाली शब्दकोशमा शब्द प्रयोगको तरिका, उदाहरण, उपयोगिता, सान्दर्भिकता, उपयुक्तता आदिको अध्ययनमा सीमित रहेको छ ।

**१.१० शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रलाई विशेष गरी पाँच अध्यायमा विभाजन गरिएको छ । जसको ढाँचा यहाँ प्रस्तुत गरिएको छ :

*अध्याय-एक :* शोधपरिचय

*अध्याय-दुई :* शब्दकोशमा अर्थविधान

*अध्याय-तीन :* प्रयोगविधान र प्रयोगात्मक नेपाली शब्दकोश

*अध्याय-चार :* प्रनेशका सामान्य विशेषताहरू

*अध्याय-पाँच :* उपसंहार

*सन्दर्भग्रन्थ सूची*

*परिशिष्ट*

## अध्याय दुई

# शब्दकोशमा अर्थविधान

## २.१ परिचय

शब्दकोशमा शीर्ष शब्दहरूको कोशीय अर्थको निर्धारण अर्थविधानअन्तर्गत गरिन्छ । जसको अध्ययन अर्थविज्ञानमा हुन्छ । (सिंह सन् १९९०: १३) कोशविज्ञानको सैद्धान्तिक आधार शब्दार्थ विज्ञानले प्रदान गर्दछ । शब्दार्थ विज्ञानमा शब्दको गुण वा अभिलक्षणको वर्णन गरिन्छ । यसैको आधारमा अर्थको अध्ययन हुन्छ । कोशविज्ञानमा शब्दको सैद्धान्तिक पक्षलाई भन्दा व्यवहारिक पक्षलाई महत्व दिइन्छ । शब्दको अर्थ उक्त शब्द प्रयोग हुने सन्दर्भबाट अझ स्पष्ट पार्न सकिन्छ । (जुगुत्सा, सन् १९७१: १३)

शब्दकोशको सबैभन्दा महत्वपूर्ण पक्ष नै त्यसको अर्थ निर्धारण हो । कोशीय अर्थहरू परिभाषा, प्रकारान्तर कथन, पर्याय, उदाहरण, सहप्रयोग आदिबाट दिइन्छ । तसर्थ शब्दकोशमा यस्ता युक्तिहरूको पालना गरिएको हुन्छ । यस अध्यायमा अर्थ निर्धारणका यिनै युक्तिहरूको परिचय, विशेषता, उदाहरण आदिको चर्चा गरिएको छ ।

## २.२ अर्थविधानका युक्तिहरू

अर्थविधान शब्दकोशको विधेय भागअन्तर्गत पर्दछ । यसमा विविध आधारमा कोशीय शब्दहरूको अर्थ निर्धारण गरिएको हुन्छ । शब्दकोशमा अर्थ निर्धारण गर्दा प्रस्तुत शब्दको प्रकृति र प्रयोग स्थितिलाई ख्याल गरिन्छ । त्यस्तै दिइएको अर्थ सम्बन्धित भाषाभाषीमा स्वीकार्य हुनुपर्छ । अर्थले शब्दको सान्दर्भिक अर्थ प्रयुक्तिलाई प्रतिविम्बित गर्न सक्नुपर्ने हुन्छ । शब्दको अर्थ दिँदा शीर्षशब्द जुन शब्दवर्गमा छ त्यही शब्दवर्गमा दिनु राम्रो मानिन्छ ।

शब्दकोशमा अर्थविधान गर्दा विशेषतः परिभाषीकरण, पर्याय, विपर्याय, विवृत्ति, प्रतिनिर्देश, व्युत्पत्ति, बीजक, उदाहरण र चित्राङ्कन पद्धति अँगालिन्छव । तर सबै कोशमा यी पद्धतिहरूको पूर्ण अङ्गीकार भएको पाइँदैन । उदाहरणका रूपमा साना

कोशहरूमा परिभाषीकरण, विवृत्ति, व्युत्पत्ति, बीजक, उदाहरण र चित्राङ्कन जस्ता पद्धति प्रायः सन्निवेश गरिएको पाइन्न भने वृहत् कोशहरू पर्याय विधानमा मात्रै सीमित गरिन्न ।

शब्दकोश परम्परामा प्रचलित अर्थनिर्धारणका प्रमुख विधिहरूको चर्चा तल प्रस्तुत गरिएको छ ।

(क) परिभाषा

(ख) प्रकारान्तर कथन

(ग) पर्याय

(घ) विपर्याय

(ङ) विवृत्ति

(च) बीजक

(छ) सन्दर्भ प्रतिनिर्देश

(ज) व्युत्पत्ति

(झ) उदाहरण

(ञ) चित्राङ्कन

(ट) समावेशी

(ठ) सहप्रयोग

## २.२.१ परिभाषा

शीर्ष शब्दमा रहेको अर्थलाई अन्य शब्दहरूबाट वर्णन गर्ने वा अर्थ्याउने युक्तिलाई कोशविज्ञानमा परिभाषा भनिन्छ । कोशीय शब्दहरूको परिचय, व्याख्या, वर्णन, विवेचना आदि परिभाषाअन्तर्गत पर्दछन् । पारिभाषिक अर्थ स्पष्ट, विशेषित र

सन्दर्भपूर्ण हुनुपर्छ । (अधिकारी, २०६२: २२५) परिभाषा दिँदा एक-अर्को शब्दबीचको अन्तरसम्बन्ध दर्साएर दिन सकिन्छ । त्यस्तै सोही भाषा परिवारको अर्को शब्दबाट त्यसलाई बुझाउने पनि गरिन्छ । कुनै वनस्पति, जीवजन्तु आदिको परिभाषा दिँदा परिभाष्य शब्दको प्रयोग गर्नु भन्दा त्यसको उपयोगिता स्वरूप आदिको उल्लेख गर्नु राम्रो हुन्छ । शब्दको परिभाषा प्रस्तुत गर्दा अतिव्याप्ति र अव्याप्ति दोषबाट मुक्त हुनुपर्छ । पारिभाषिक-प्राविधिक शब्दको परिभाषा दिँदा त्यसको अर्थ पनि तत्समान वा निकट शब्दहरू खोजी अप्राविधिक भाषामा नै बुझाउनु राम्रो हुन्छ । यस्ता प्राविधिक शब्दहरूको अर्थ वस्तुगत र निश्चित सन्दर्भसँग सम्बन्धित हुने भएकाले यिनको अर्थ परिभाषाबाट अझ स्पष्ट गर्न सकिन्छ । जस्तै ;

अव्यय - लिङ्ग, वचन, पुरुष, विभक्ति, काल आदिका अनुसार शब्दहरूका रूपमा परिवर्तन नहुने, रूप नचल्ने, शब्दको रूपमा विकार नआउने अविकारी शब्द । उदा. अघि, पछि, भित्र, बेसरी, राम्ररी, अनि, पनि, तर आदि अव्यय हुन् ।

प्रबन्धकाव्य - खास कथाका आधारमा लेखिएको साहित्यिक रचना, लामो वा मझौला कविता । (उदा. काव्य, महाकाव्य, खण्डकाव्य आदि)

### २.२.२ प्रकारान्तर कथन

उही कुरालाई अर्को किसिमले भन्ने काम वा भिन्न ढङ्गले मानिसको कथन वा पुनः कथनलाई प्रकारान्तर कथन भनिन्छ । (प्रनेश, २०६१ : ६४२) परिभाषीकरण गर्दा शब्दमा निहित अर्थको पुनः कथन वा प्रकारान्तर कथन गरिन्छ । जस्तै ;

निरोगिता - रोग नलागेको स्थिति

श्रमजीवी - परिश्रम गरेर जीवीका गर्ने; शारीरिक वा मानसिक श्रमले बाँच्ने

- परिश्रम वा मिहिनेत गरेर जीवन निर्वाह गर्ने ।

कर्मभूमि - कर्म वा व्यवसाय गर्ने ठाउँ ।

### २.२.३ पर्याय

समान अर्थ बुझाउने शब्दलाई पर्याय भनिन्छ । यसको प्रयोग जुनसुकै शब्दकोशमा पनि अपरिहार्य जस्तै मानिन्छ । पर्यायको प्रयोग मुख्यतः दुई किसिमले गरिन्छ । परिभाषीकरण आदि अन्य अर्थविधानका विधिसँग सम्मिलित गरी पर्यायको संयोजन गर्नु समवेत हो भने अर्थविधानका सन्दर्भमा पर्याय विधिको मात्र प्रयोग गर्नु एकान्तिक हो । पर्यायवाचीको उपयोग अर्थविधानको सरल युक्ति भए पनि यसबाट कतै-कतै अर्थ अस्पष्ट हुने स्थिति पनि आउन सक्ने हुन्छ । शब्दको पर्याय दिँदा परिचित र आधारभूत शब्दको प्रयोग गर्नु अपेक्षित मानिन्छ । जस्तै ;

उत्साह - हिम्मत, आँट, साहस, हौसला, जोश, उमङ्ग, फूर्ति, प्रेरणा आदि ।

सूर्य - घाम, सुर्जे, अंशुमाली, अरूण, आकाशचरी, ज्योति, दिवाकर, दीप्तकिरण, सूर्यनारायण आदि ।

### २.२.४ विपर्याय

शीर्ष शब्दको विपरीत अर्थ व्यक्त गर्ने शब्दलाई विपर्याय भनिन्छ । सामान्यतः अनेकार्थी शब्दको अर्थ किटान गर्न तथा अर्थगत व्यापकताको विभेदीकरण गर्नको लागि यस युक्ति महत्वपूर्ण मानिन्छ । यसको उपयोग गर्दा निकै स्पष्टता, सरलता र सुबोधता आउने हुन्छ । जस्तै ;

पति - पत्नी, श्रीमती ।

संयम - असंयम, रोक, नियन्त्रण, धार्मिक, अनुष्ठान ।

### २.२.५ विवृत्ति

शब्दको अर्थलाई अझ स्पष्ट पार्न शब्दको अर्थबारे दिइने छोटो टिप्पणी वा व्याख्यालाई विवृत्ति भनिन्छ । यस्तो व्याख्याले शब्दको अर्थगत, व्याकरणात्मक, प्रयोग सन्दर्भगत आदि विशेषतालाई औंल्याउने हुन्छ । शब्दकोशमा आर्थी, व्याकरणात्मक र

विश्वकोशीय आदि विवृत्ति हुन्छन् । आर्थी विवृत्तिले शब्दको थप अर्थगत विशेषता दर्साउँछ भने व्याकरणात्मक विवृत्तिमा थप रूपात्मक वा वाक्यात्मक विशेषताहरूको सूचना दिन सकिन्छ । त्यस्तै विश्वकोशीय विवृत्तिमा कुनै शब्दको सामान्य अर्थ दिइसकेपछि त्यससँग सम्बन्धित विषयको थप सूचना दिइन्छ । (अधिकारी, २०६२: २३०) जस्तै ;

अ) आर्थी विवृत्ति

अर्पनु - दिनु (धार्मिक वा सामान्य सन्दर्भमा)

आ) व्याकरणात्मक विवृत्ति :

गोरो - वि. (बहु/ति, गोरा, स्त्रीः गोरी, लघु : गोरे)

इ) विश्वकोशीय विवृत्ति :

खादा - सगुनका लागि दिइने सेतो वा घिउ रङ्को कपडाको टुक्रा ( लामा धर्मका कसैलाई बिदाइ वा स्वागत गर्दा यस्तो सगुन दिइन्छ)

## २.२.६ बीजक

कोशीय एकाइहरू विभिन्न काल, स्थान, विषयक्षेत्र तथा शैलीसँग सम्बन्धित हुन्छन् । यी मध्ये कतिपय शब्दको उक्त प्रयोगक्षेत्र वा सन्दर्भ सङ्केत गर्नुलाई बीजक भनिन्छ । (अधिकारी, २०६२: २३०) यी प्रकार्यपरक, स्तरगत र विषयक्षेत्रगत गरी तीन प्रकारका हुन्छन् । शब्दवर्गीय कार्य सङ्केत गर्न उपयोग हुने बीजक प्रकार्यपरक मानिन्छन् । कोशीय एकाइको प्रयोगको स्तरलाई दर्साउने बीजकलाई स्तरगत भनिन्छ । त्यस्तै कानुन, साहित्य, चिकित्सा, कृषि, वाणिज्य, संस्कृत आदि क्षेत्रको सङ्केत गर्नेलाई विषयक्षेत्रगत बीजक भनिन्छ । विवृत्ति शब्दविशेषको अर्थलाई अझ खुलस्त पार्न उपयोगमा आउँछ भने बीजक चाहिँ खास क्षेत्रविशेषको सन्दर्भ दर्साउने कार्यमा उपयोग गरिन्छ । जस्तै ;

(अ) प्रकार्यपरक बीजक

अत्यन्त - (तत्स.) क्रियो.

(आ) स्तरगत बीजक:

घा - सन्धि, सम्झौता (प्राचीन नेपाली)

स्वामित - स्वामी (मध्यकालीन नेपाली)

घिच्नु - खानु (गाली)

भुत्ले साग - कुखुराको मासु, कुखुरा (अपभाषा)

सुपो - नाङ्लो (भाषिका)

(इ) विषयक्षेत्रगत बीजक

रसादी - औषधी (आयुर्वेद)

विषादी - किरा नाश गर्ने औषधी (कृषि)

### २.२.७ सन्दर्भ प्रतिनिर्देश

एक ठाउँमा रहेको कोशीय एकाइको अर्को ठाउँको कोशीय एकाइसँगको अर्थगत समानता, विभेदकता, पूरकता आदि दर्साउन शब्दकोशमा सन्दर्भ प्रतिनिर्देश युक्तिको प्रयोग गरिन्छ । यसले सूचनालाई संक्षिप्त र सुगठित बनाउन मद्दत गर्छ । वैकल्पिक प्रविष्टिमा आउने शब्दहरूका लागि प्रतिनिर्देशको युक्ति विशेष उपयोगी हुन्छ । खास गरी प्रतिनिर्देश प्रकटित र अन्तर्निहित गरी दुई प्रकारका हुन्छन् । कुनै खास शब्दको अर्थ अर्को शब्दसँग मिल्ने कुरालाई हेनू (हे.) वा तुलना (तु.) भन्ने सङ्केतले देखाउनुलाई प्रकटित प्रतिनिर्देश भनिन्छ । शब्दको अर्थ परिभाषा आदिमा अन्य शब्दको प्रयोग गर्दा पर्यायता, समावेश्यता - असमावेश्यता, विभेदकता आदि दर्साउने शब्दहरूको उपयोग हुने हुँदा तिनले एक अर्कामा निहित अर्थसम्बन्धलाई निर्देशित तथा परिचालित गर्ने प्रतिनिर्देशलाई अन्तर्निहित प्रति निर्देश भनिन्छ । जस्तै ;

प्रकटित सन्दर्भ प्रतिनिर्देश

| | |
|---|---|
| बाथरुम - हे. शौचालय | मन्तर्नु - हे, मन्त्रनु |
| परस्त्री - तुल. परपुरुष | राजतन्त्र- तुल. प्रजातन्त्र |

### २.२.८ व्युत्पत्ति

खास शब्द कुन स्रोतबाट आएको हो र त्यसको पूर्वस्वरूप कस्तो थियो भन्ने जस्ता सूचना प्रस्तुत गर्ने शब्दकोशीय युक्तिलाई व्युत्पत्ति भनिन्छ । यस्तो सूचनाले शब्दको सही अर्थ ठम्याउन सहयोग पुऱ्याउँछ । व्युत्पन्न शब्दहरूको प्रकृति-प्रत्ययसम्बन्धी व्युत्पादनले सम्बन्धित शब्दको अङ्ग-प्रत्यङ्गको चिरफार गरी तिनका समकालिक अर्थलाई खुट्याउन सहयोग गर्दछ । व्युत्पादनसम्बन्धी सूचनाका दुई पक्ष छन् : ऐतिहासिक र समकालिक जस्तै ;

ऐतिहासिक -

अग्लो - ? अलको

सिङ्गो - ? सिङ्गले

समकालिक

अत्यधिक - अति + अधिके

केन्द्रीय - केन्द्र + ईये

### २.२.९ उदाहरण

कोशीय एकाइहरूको विशेषता व्यक्त गर्न उपयोग गरिने प्रासङ्गिक शब्द प्रयोगलाई उदाहरण भनिन्छ । उदाहरणको सहायताबाट शब्दको सान्दर्भिक अर्थ पुष्टि, सहप्रयोगको अवस्था तथा पर्याय भेद खुट्याउन सहयोग पुग्छ । शब्दकोशमा स्वनिर्मित र उद्धृत गरी २ किसिमका उदाहरणहरू हुन्छन् । स्वनिर्मित प्रयोग भनेको कोशकार आफैले कोशीय एकाइको प्रासङ्गिक प्रयोग निर्देश गर्न निर्माण गरेको भाषिक प्रयोगको

उदाहरण हो भने उद्धृत चाहिँ सम्बन्धित भाषा र साहित्यको क्षेत्रमा प्रचलित विभिन्न उदाहरणहरूको कोशीय एकाइसँगको सान्दर्भिक उपयोग हो । उदाहरण प्रस्तुत गर्नको लागि स्वनिर्मित र उद्धृत प्रयोगका साथै चित्राङ्कनको पनि उपयोग गरिन्छ । जस्तै

स्वनिर्मित उदाहरण

अपाहिज - अपाहिजहरू साधारण मानिस जस्तो हिँडडुल गर्न सक्दैनन् ।

छटाक - एक छटाक जेरी, एक छटाक गुँदपाक

जगत - जलचरजगत, नारीजगत, प्राणीजगत, भौतिकजगत

उद्धृत उदाहरण

रुई - जाडामा रुई, फुई र दुई चाहिन्छन् ।

निसान - रातो र चन्द्र सूर्य जङ्गी निसान हाम्रो ।

### २.२.१० चित्राङ्कन

कोशीय अर्थ व्यक्त गर्न सहयोग गरिने चित्रमय वा रेखामय उदाहरणलाई चित्राङ्कन भनिन्छ । कुनै-कुनै शब्दहरूको अर्थ स्पष्ट पार्न भाषिक उदाहरण मात्र पर्याप्त हुँदैनन् त्यसका लागि चित्र, तालिका, आरेख आदिको उपयोग गर्नुपर्ने हुन्छ । जस्तै ; दुर्लभ वनस्पति, पशुपन्छीको आकृतिप्रकृति, साँस्कृतिक वस्तु, यान्त्रिक उपकरण आदिको अर्थ स्पष्ट पार्न अनेकौं शब्द प्रयोगले भन्दा एउटा सानो चित्रले छर्लङ्ग पार्न सकिन्छ । तसर्थ यसलाई अर्थविधानको सजीव विधि मानिन्छ । विशेषगरी बालकोशहरू र शैक्षणिक कोशहरूमा यसलाई बढी महत्व दिइन्छ ।

### २.२.११ समावेशी

शब्दको अर्थ जातित्वका आधारमा खुलस्त पार्ने युक्तिलाई समावेशी विधि भनिन्छ । यसमा समावेशी-समावेश्य सम्बन्धका आधारमा शब्दको अर्थ दिइन्छ । यस्तो

सूचनाले शब्दको विशेषित अर्थ पहिल्याउन मद्दत गरेको हुँदैन केबल शब्दको अर्थ क्षेत्र वा जातित्व दर्साउने प्रयास मात्र गरको हन्छ । जस्तै ;

पशु - गाई, भैसी, कुकुर, बिरालो, गधा, बाघ, हात्ती आदि ।

अन्न - धान, मकै, गहुँ, कोदो आदि ।

## २.२.१२ सहप्रयोग

कुनै शब्दको निकटवर्ती भएर आउने वा अन्वित हुने अर्को शब्द वा पदावलीलाई सहप्रयोग भनिन्छ । यस्ता सहप्रयुक्त शब्दहरूले प्रयोग हुँदा खास शब्दको निकटता वा सान्निध्य चाहेको हुन्छ । यसले शब्द प्रयोगको सीमा तथा परिमितताालाई जनाउँछ । यसबाट शब्दको सहज र स्वभाविक प्रयोगको जानकारी दिन मद्दत मिल्छ । पर्यायवाची शब्दले दिने अर्थभन्दा यसबाट प्राप्त अर्थ अझ विशिष्ट हुन्छ । जस्तै ;

उर्जा - आणविक उर्जा, विद्युत उर्जा, सार्य ऊर्जा,

अजस्र - अजस्र स्रोत, अजस्र प्रयास

अध्याय तीन

# प्रयोगविधान र प्रयोगात्मक नेपाली शब्दकोश

## ३.१ परिचय

नेपाली कोशनिर्माण परम्पराको सुरुवात शब्द सूची बनाउने कार्यबाट भएको पाइन्छ । १९ औं शताब्दतिर विदेशी विद्वानहरूले नेपाली भाषामा चासो राख्न थालेपछि नेपालीमा कोशलेखन कार्यको सुरुवात भएको पाइन्छ । २० औं शताब्दीको मध्यतिर आएर नेपाली भाषामा प्रकाशन कार्यको प्रारम्भ भएपछि मात्र नेपाली एकभाषी कोशलेखन कार्यको थालनी भएको देखिन्छ । यसै परम्पराको एक उत्कृष्ट कृतिको रूपमा प्रनेश देखापरेको छ । शब्दहरूको मानक उच्चारण, वर्णविन्यास, शब्द प्रयोग आदिका दृष्टिले पहिलो एकभाषी कोशको रूपमा यसलाई लिन सकिन्छ । यस अध्यायमा शब्दकोशको प्रयोग विधानको सैद्धान्तिक चर्चा र प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग विधानअन्तर्गत उद्धरण र स्वनिर्मित प्रयोग आदिको विविध आधारमा चर्चा गरिएको छ ।

## ३.२ उदाहरण प्रयोग

शब्दको अर्थ र यसका विविध अर्थछायालाई अझ स्पष्ट पार्नको लागि दिइने सन्दर्भपरक शब्द प्रयोगलाई उदाहरण भनिन्छ । उदाहरणहरूको सहायताबाट शब्दको अर्थसन्दर्भ औंल्याउन सजिलो पर्छ । उदाहरणहरूबाट फरक प्रासङ्गिक वा सान्दर्भिक अर्थहरू प्रष्ट्याउन सकिन्छ । त्यस्तै शब्दप्रयोगको श्रेणी, उद्देश्य, प्रयोगात्मक फरक आदि कुराहरू उदाहरणबाट प्रष्ट पार्न सकिन्छ । समानार्थी शब्द प्रयोग हुने सन्दर्भमा उदाहरण दिनु अति आवश्यक मानिन्छ । उदाहरणबाट अर्थगत सूक्ष्मता र शैलीगत भिन्नता पहिल्याउन सकिन्छ । बहुअर्थक वा अनेकार्थक शब्दहरूको अर्थका बीच भिन्नता देखाउन यो उपयोगी हुन्छ । उदाहरणले शब्दकोशमा शब्दको अर्थको प्रमाणिकता र आधिकारिता समेत बढाउन सहयोग गर्छ । अर्थगत अनेकता र सन्दर्भगत विविधतापूर्ण शब्दहरूका सही अर्थ उल्लेख गर्न उदाहरण एवं प्रयोगको

आवश्यकता रहन्छ । त्यस्तै उखान टुक्काहरूको अभिप्राय खुलस्त पार्न उदाहरणको अझ महत्व रहन्छ । उदाहरणहरू परिभाषाभन्दा अझ सामान्य र वस्तुगत हुन्छन् । शब्दलाई थप स्पष्ट पार्ने काम गरेका हुन्छन् । जस्तै ; हामीले सुन्दर शब्दलाई परिभाषा गऱ्यौं भने "मस्तिष्कलाई खुसी वा आनन्द दिने" भन्ने पाइन्छ भने त्यसको उदाहरणमा सुन्दर अनुहार, सुन्दर फूल, सुन्दर मौसम, सुन्दर सङ्गीत आदिलाई लिन सकिन्छ । वास्तवमा यी उदाहरणहरूले परिभाषाले ओगटेका कुनै पनि कुरालाई सङ्केत नगराए पनि उक्त सुन्दर शब्दलाई थप प्रष्ट पार्ने काम गरेका छन् (जुगुत्सा, सन् १९७१: २६४)

मौखिक उदाहरण प्रस्तुत गर्दा भाषाका स्वभाविक वक्ताहरू वा पूर्ण भाषिक क्षमता भएका वक्ताहरूबाट प्राप्त सूचनाहरूका आधारमा गर्नु राम्रो हुन्छ । त्यस्तै लिखित सामग्रीबाट जीवित भाषाका पुराना कृतिको दायरामा निर्माण गर्नुपर्छ । कोशीय शब्द अनेकार्थी भएको अवस्थामा प्रत्येक भावअनुसार फरक-फरक उदाहरणहरू प्रस्तुत गनुपर्छ । शब्दकोशमा प्रयोग गरिने उदाहरणहरू जतिसक्यो छोटा छरिता र स्वयंमा पूर्ण खालका हुनुपर्छ । उदाहरणअन्तर्गत उद्धरण प्रयोग र चित्राङ्कनलाई समेत लिइन्छ । (अधिकारी, २०६२ : २२९) ।

### ३.२.१ उद्धृत उदाहरण

उद्धृत उदाहरणहरू प्रायः लिखित पुस्तकहरूबाट लिइन्छ । यस्ता उदाहरणहरूमा लेखकले वास्तविक स्रोतबाट प्रमाण जुटाउन सक्ने हुँदा उच्च तथ्यपरक हुन्छन् । उद्धृत उदाहरणहरूले भाषाविज्ञानसम्बन्धी शब्दकोशहरूमा बढी महत्व राख्छन् । सङ्कथनहरूबाट उदाहरणहरू लिँदा बढी प्रचलित र सन्दर्भयुक्तलाई मात्र छनोट गर्नुपर्छ । ऐतिहसिक कोशमा यस्ता उदाहरणको अधिक प्रयोग गरिन्छ । उद्धृत उद्धरणको नमुना

प्याउली - एक्लो कोमल प्याउली कुसुम यो एकलासमा फुल्न द्यौ । - माधव घिमिरे 'राजेश्वरी'

धूमपान - धूमपानले लिन्छ ज्यान । - स्वास्थ्य मन्त्रालय

### ३.२.२ स्वनिर्मित प्रयोग

कोशका सम्पादकहरूद्वारा अर्थसन्दर्भ अनुरूप निर्माण गरिएका शब्द प्रयोगलाई स्वनिर्मित प्रयोग भनिन्छ । यस्ता प्रयोग निर्माण गर्दा छोटा, सन्दर्भपूर्ण, स्पष्ट, विशिष्ट र सन्निधान मिलेको हुनुपर्छ । स्वनिर्मित प्रयोगलाई परीक्षण गरेर कोशमा समावेश गर्न सकेमा राम्रो हुन्छ । त्यस्तै उखान टुक्काहरूको अभिप्राय खुलस्त पार्न यस्ता उदाहरणहरूको अझ महत्व रहन्छ । यस्ता उदाहरणहरू स्वाभाविक वक्ताका रूपमा कोशकार आफैंले निर्माण गर्न सक्छन् । त्यस्तै शुद्ध रूपमा सूचना प्रदायकहरूबाट ग्रहण गर्न पनि सक्छ । यसरी निर्माण गरिएका उदाहरणहरू प्रायः धेरै छोटा हुन्छन् । जस्तै ; शब्दगत, नामसँग विशेषण, विशेषणसँग नाम, कर्ता-क्रिया, आदि । स्वनिर्मित प्रयोगमा हामी शब्द र शब्दसमूहबीच स्वतन्त्र संयोजनहरू देख्न सक्छौं । (जुगुत्सा, सन् १९७१ : २६७० । विशेष गरी शिक्षर्थीपरक, मानक र सन्दर्भपरक कोशमा उदाहरणको विशेष महव रहन्छ । जस्तै ;

आलिङ्गन - उसले साथीलाई प्रेमपूर्वक आलिङ्गन गऱ्यो ।

परिचर्चा - गोष्ठीमा शैक्षिक सुधारका विषयमा परिचर्चा भयो ।

## ३.३ प्रनेशको प्रयोगविधान

प्रनेशका शब्दहरूको विविधताका आधारमा प्रत्येक अर्थअनुसार शब्दको प्रयोग दिइएको छ । यसमा उद्धृत र स्वनिर्मित दुवै खालको प्रयोग पाइन्छ । उद्धृत उदाहरणअन्तर्गत उखान-टुक्का, गद्यांश, पद्यांश आदि रहेका छन् भने स्वनिर्मित प्रयोग अन्तर्गत शब्दगत, पदावलीगत, वाक्यगत आदि रहेका छन् । त्यस्तै प्रस्तुत कोशमा अनौपचारिक अर्थ, लाक्षणिक अर्थ, पारिभाषिक शब्द आदिलाई समेत वाक्यमा वा उदाहरणको रूपमा प्रयोग गरिएको छ ।

### ३.३.१ प्रनेशमा स्वनिर्मित प्रयोग

प्रनेश नेपाली भाषाको प्रयोगमूलक कोश भएकाले यसमा शीर्ष शब्दहरूको विविध अर्थसम्बन्धका आधारमा शब्दको प्रयोग दिइएको छ । प्रस्तुत कोशमा सम्पादकहरूले कोशवैज्ञानिक मान्यताअनुरूप शब्दहरूलाई वाक्यात्मक रूपमा वा उदाहरणस्वरूप शब्दगत र पदावलीगत रूपमा प्रयोग गरेका छन् । तिनै प्रनेशमा दिइएका शब्द प्रयोगलाई यहाँ केलाउने प्रयास गरिएको छ ।

#### ३.३.१.१ वाक्यात्मक उदाहरण

वाक्यात्मक प्रयोग भन्नाले शब्दको अर्थ खुल्ने गरी पूर्ण वाक्यमा प्रयोग गर्नु भन्ने बुझिन्छ । (कोबिल्ड डिक्सनरी, सन् १९९६, 'प्राक्कथन') । यहाँ प्रनेशमा उपयोग गरिएका शब्द प्रयोगसम्बन्धी युक्तिहरूको चर्चा गरिएको छ ।

(क) प्रनेशमा शीर्ष शब्दहरूलाई सरल र सामान्य वाक्यमा अर्थ खुल्ने गरी प्रयोग गरिएको छ । जस्तै ;

ऊर्जा - खाद्यान्नले शरीरलाई ऊर्जा दिन्छ ।

कुकर्म - उसले कुकर्म गरेकाले सजाय पायो ।

चूर्ण - सिसा फुटेर चूर्ण भयो ।

(ख) यस शब्दकोशमा अनेकार्थी शब्दहरूको प्रत्येक अर्थअनुसार शब्द प्रयोग गरेर देखाइएको छ । जस्तै ;

उठाउनु-

१) लिङ्गे पिङ बनाउन उनीहरूले बाँसहरू उठाए ।

२) बहिनीले निदाएको भाइलाई उठाई ।

३) उसले खाल्टामा माटो पुरेर जमिन उठायो ।

४) मैले डुब्न लागेको धन उठाएर ल्याएँ ।

५) यत्रो भारी उठाउन को सक्छ ?

६) परिवारको जीवनस्तर उठाउन उनीहरू लागेका छन् ।

७) मुखियाले गरिबको बास उठाए ।

८) हामीले उसलाई चुनावमा सभापतिका लागि उठायौँ ।

काट्नु -

१) उसले खुकुरीले खसी काट्यो ।

२) भाइ रुखका हाँगा किन काट्दै छ ?

३) तिमी आफूले लेखेको कुरा आफैं काट्छौं ।

४) मैले घर जान बसको टिकट काटेँ ।

५) छोराले बाबुको कुरा काट्यो ।

६) बिरालाले बाटो काट्यो ।

७) घरमा बस्दा दिन काट्न गाह्रो भयो ।

८) ऊ आम्दानीबाट पन्ध्र प्रतिशत कर काट्छ ।

९) हाजिर नहुँदा हाकिमले उसको नाम काट्यो ।

(ग) प्रनेशमा शब्दको प्रयोग सन्दर्भलाई ख्याल गरी पूर्ण वाक्य र पदावलीगत गरी दुवै रूपमा उदाहरण प्रस्तुत गरिएको छ । जसअनुसार उदा : सङ्केत गरी शब्दगत वा पदावलीगत रूपमा र अलग्गै वाक्यका रूपमा समेत शब्द प्रयोग दिइएको छ । जस्तै ;

केन्द्रीय - जिल्लामा केन्द्रीय जाँचटोली आएको छ ।

- यस छलफलको केन्द्रीय विषय के हो ? (वाक्यात्मक)

- उदा : केन्द्रीय कार्यालय, केन्द्रीय प्रशासन, केन्द्रीय सरकार केन्द्रीय प्रसङ्ग, (पदावलीगत)

दर्शन - उसले मन्दिरमा गएर देवताको दर्शन गऱ्यो । (वाक्यगत)

- उदा. वेदान्त दर्शन, बौद्ध दर्शन, पूर्वीय दर्शन, पश्चिमी दर्शन (पदावलीगत)

- उदा. देशदर्शन, दर्शनभ्रमण, (शब्दगत)

(घ) पाक्कथनमा एकै किसिमको उच्चारण हुने वा एकै किसिमको लिपिमा लेखिने तर बिलुकलै भिन्न अर्थ जनाउने शब्दलाई यहाँ भिन्नार्थी भनिएको छ भन्ने उल्लेख गरिएको छ र कोशका त्यस्ता शब्दहरूलाई भिन्न-भिन्न प्रविष्टि दिई शब्दको अर्थसम्बन्धका आधारमा प्रयोग दिइएको छ । जस्तै ;

ताल १ - उदा. फेवाताल, राराताल ।

ताल २ - उसको हिँडाइको ताल ठीक छैन ।

- मादलको तालमा ऊ नाच्दैछ ।

- उदा. दुई हातको तालमा ।

ताल ३ - मलाई एक ताल मादल बजाउन देऊ न ।

ताल ४ - ताल पऱ्यो भने म दार्जिलिङ घुम्न जान्छु ।

**ताल ५** - (प्रयोग नदिइएको)

(ङ) प्रनेशमा भिन्नार्थी शब्दहरूमध्ये शब्दले दिने फरक अर्थअनुसार भिन्न प्रविष्टि दिनुका साथै त्यस्ता प्रविष्टियुक्त शब्दको अर्थको समानार्थी अर्थहरू भएमा तिनलाई अर्थ १, २, ३ गरी अर्थ दिई प्रत्येक अर्थअनुसारका उदाहरण प्रस्तुत गरिएको छ । जस्तै ;

सार १ - उसले त्यस लेखको सार बतायो ।

- उदा. सार संक्षेप

- सालको सार भनेको अग्राख त हो नि !

यस काठमा सार पसेको रहेनछ ।

- फलको सार रस हो ।

नौनीलाई दूधको सार भनिन्छ ।

- उदा. सारहीन खानेकुरा ।

- उदा. सार कुरो, सार वाक्य ।

सार २ - उनी सार र स्वर मिलाएर वेद पढ्न जान्दछन् ।

- यस केटाको सारमा लागेर त आज घर पुगिँदैन ।

सार ३ - उदा. अड्डासार, हुलाकसार ।

(च) प्रनेशमा एउटै शब्दको विविध अर्थका आधारमा प्रयोग दिइएको छ । जसमध्ये सबैभन्दा बढी 'लाग्नु' शब्दको ११ वटा अर्थहरू दिई तिनको प्रत्येक अर्थअनुसार शब्द प्रयोग गरेर देखाइएको छ । यसरी हेर्दा यस 'लाग्नु' शब्दको मात्र ६ वटा अर्थलाई १२ वटा पूर्ण वाक्यमा प्रयोग गरिएको छ भने उदा. सङ्केत गरी ५ वटा अर्थ सन्दर्भलाई २१ वटा टुक्कात्मक पदावलीका रूपमा सहप्रयोग दिइएको छ । जस्तै ;

लाग्नु -

१) लुगामा हिलो लाग्यो ।

हातमा मसी लाग्यो ।

उसलाई गोली लाग्यो ।

२) म काममा लागेँ ।

ऊ कुलतमा लाग्यो ।

३) उदा. रक्सी लाग्नु, निद्रा लाग्नु, भूत लाग्नु, रोग लाग्नु, दिसा लाग्नु ।

४) उदा. भोक लाग्नु, मन लाग्नु, दुःख लाग्नु ।

५) लहरामा चिचिला लागे ।

६) उदा. हात लाग्नु, दाउ लाग्नु, टाँसो लाग्नु, चुकुल लाग्नु, नाता लाग्नु ।

७) यो काम सक्न दश महिला लाग्छ ।

घर जान धेरै खर्च लाग्छ ।

८) यो हतियार लाग्छ ।

त्यस समस्यामा मेरो प्रयास लाग्यो ।

९) तिमी उसको पक्षमा लाग्यौ ।

बाछो माउको पछि लाग्यो

१०) उदा. दोष लाग्नु, अर्थ लाग्नु, खार लाग्नु, भाडा लाग्नु

११) पढ्न लाग्नु, भन्न लाग्नु, बस्न लाग्नु, दिन लाग्नु

(छ) यस शब्दकोशमा कुनै शब्दको एउटै अर्थ स्पष्ट पार्नको लागि एकभन्दा बढी वाक्यात्मक प्रयोगहरू दिइएको छ । जस्तै ;

लाग्नु -

लुगामा हिलो लाग्यो ।

हातमा मसी लाग्यो ।

उसलाई गोली लाग्यो ।

फुकिनु -

आगो फुकियो ।

पैसा फुकियो ।

कान फुकियो ।

बिरामीलाई फुकियो ।

(ज) शब्दको उदाहरण प्रस्तुत गर्ने क्रममा साहित्यिक पदक्रमयुक्त वाक्यहरू प्रयोग गरिएको पाइन्छ । जस्तै ;

कटकट- खाट कटकट गर्दै छ, भाँचिन्छ कि ?

कूपमण्डूक - के कूपमण्डूक भएर बस्छौ ? हिँड जाऊँ भ्रमणमा ।

कदर - बाँदरको हातमा नरिबलको के कदर हुन्छ र ?

(झ) कुनै शब्दले लाक्षणिक अर्थ दिने भएमा त्यस्ता शब्दको लाक्षणिक अर्थलाई समेत वाक्यमा प्रयोग गरेर देखाइएको छ । जस्तै ;

तीतो - उसले तीतो कुरा गर्‍यो ।

पशु - यो मान्छे त कस्तो पशु रहेछ ।

मर्नु - ऊ रसबरीका लागि मर्छ ।

(ञ) यस शब्दकोशमा अनौपचारिक सन्दर्भमा समेत प्रयोगमा आउने केही शब्दहरूको अन्य अर्थका साथमा अनौपचारिक अर्थ पनि दिई उक्त अर्थअनुसार शब्दको प्रयोग दिइएको छ । जस्तै ;

भन्ट्याङभुन्टुङ -   उसका भन्ट्याङभुन्टुङ धेरै छन् ।

छेर्नु -   पुलिसले समातेपछि चोरले सामान छेऱ्यो ।

(ट) प्रनेशमा नेपालीमा प्रचलित प्रशस्त अङ्ग्रेजी शब्दहरूलाई प्रविष्टि दिई तिनलाई नेपाली सन्दर्भअनुसारको वाक्यमा प्रयोग गरेर देखाइएको छ । जस्तै ;

गिलास -   सानीले गिलासमा पानी दिइन् ।

बुकिङ -   उसले वीरगञ्ज जान बसको टिकट बुकिङ गऱ्यो ।

(ठ) शब्दप्रयोगमा समसामयिक शब्दलाई प्रनेशमा बढी प्राथमिकता दिइएको पाइन्छ । जस्तै ;

गुन -   उसले लसुनको गुन बतायो ।

चुलो -   उसले चुलामा भात बसायो ।

एम्बुस -   आतङ्ककारीले विच्छ्याएको एम्बुसमा परेर उसको मृत्यु भयो ।

(ड) प्रनेशमा संस्कृत तत्सम शब्दहरूलाई पनि नेपाली प्रयोग सन्दर्भअनुसार सुहाउँदो प्रयोग दिइएको छ । जस्तै ;

त्वम् शरणम् -   उनी मसँग त्वम् शरणम् भए ।

जनगणना -   प्रत्येक दश वर्षमा जनगणना गरिन्छ ।

नियम -   विद्यार्थीहरूले स्कुलको नियम मान्ने गर्छन ।

(ढ) प्रनेशमा शब्दको प्रयोग दिने क्रममा भाषिकाको रूपमा प्रचलित शब्द, सामान्य बोलीचालीका शब्द र अमानक रूपहरूलाई निरुत्साहित गरी मानक प्रयोगलाई अवलम्बन गरिएको छ । जस्तै ;

नाङ्लो -   (सुपो-भाषिका)

(ण) प्रनेशमा शब्दका पछाडि जोडिन आउने शब्दांश वा प्रत्ययहरूलाई प्रविष्टि दिइएको छैन तर प्रत्यय लागेर बनेका शब्दहरूलाई प्रविष्टि दिई वाक्यमा प्रयोग गरिएको छ । जस्तै ;

उडान - जहाजको उडान ठीक समयमा भयो ।

घुमन्ते - घुमन्तेका फेला परिएछ, प्रशस्त डुलियो ।

चट्नी - उसले गोलभेडाको चट्नीसँग रोटी खायो ।

(त) कुनै दृश्य वा क्रियाको अनुकरण वा नक्कल बुझाउने अनुकरणात्मक शब्दहरूलाई यसमा उदारताका साथ प्रविष्टि दिई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरिएको छ । जस्तै ;

कुपुक्क - भाइले लड्डु टपक्क टिपेर कुपुक्क खायो ।

चिट्चिट - उकालो हिँड्दा उसलाई चिट्चिट पसिना आयो ।

झमक्क - घाम अस्ताउनासाथ झमक्क साँझ पर्‍यो ।

(थ) अनुकरणात्मक शब्द जुन द्वित्वका रूपमा प्रयोग हुन्छ, त्यस्ता शब्दलाई द्वित्वकारूपमा वाक्यमा प्रयोग गरिएको छ । जस्तै ;

सुँक्क- रुघा लागेकाले ऊ सुँक्कसुँक्क गर्दैछ ।

पाई - ऊ लेनदेनमा पाईपाईको हिसाब गर्छ ।

(द) प्रनेशमा समास भई बनेका समस्त शब्दहरूलाई प्रविष्टिमा समावेश गरी सरल र स्पष्ट वाक्यमा प्रयोग गरेर देखाइएको छ । यस क्रममा प्राय सबै प्रकारका समस्त शब्दहरूको प्रयोग भएको पाइन्छ । जस्तै ;

भोकमरी - खडेरी परेकाले त्यस जिल्लामा भोकमरी फैलिएको छ । (तत्पुरुष)

दोबाटो - दोबाटोमा उसको पसल छ । (द्विगु)

महाकवि - लक्ष्मीप्रसाद देवकोटा नेपाली साहित्यका महाकवि हुन् । (कर्मधारय)

हिजोआज - हिजोआज ऊ के गर्दैछ । (अव्ययीभाव)

घामछाया - जीवनमा घामछाया भइरहन्छ । (द्वन्द्व)

चारकुने - उसको जग्गा रुमाल जस्तै चारकुने छ । (बहु)

(ध) एउटै शब्दलाई दोहोर्‍याएर नयाँ शब्द बनाउने पद्धतिलाई द्वित्व भनिन्छ । प्रनेशमा यसरी द्वित्व प्रक्रियाबाट बनेका शब्दलाई मूल प्रविष्टिमा नै समावेश गरी तिनलाई द्वि. सङ्केत गरी प्रयोग प्रस्तुत गरिएको छ । जस्तै ;

टालटुल - उसले चुहुने छानो टालटुल गर्दैछ ।

बारबार - ऊ बारबार एउटै कुरा दोहोर्‍याइरहन्छ ।

(न) प्रनेशमा प्रश्नात्मक वाक्यमा समेत शब्द प्रयोग दिइएको छ । जस्तै ;

**साल** - ऊ कति सालको भयो ?

(प) प्रनेशमा शब्दको प्रयोग दिने क्रममा कर्ता विहीन वाक्य प्रयोग भएको पाइन्छ । जस्तै ;

खजमजिनु - कुरो खजमजियो ।

सल्काउनु - दाउरा सल्काइयो ।

(फ) प्रनेशमा केही सम्बोधन सूचक शब्दको प्रयोगमा उद्गार चिन्हयुक्त वाक्य प्रयोग भएको पाइन्छ । जस्तै ;

औ - औ भाइ । औ कता हिँडेको !

सीधा - सीधा हेर त ! के देखिन्छ ?

### ३.३.१.२ पदावलीगत उदाहरण

प्रनेशमा शीर्ष शब्दहरूको प्रयोग स्थिति बुझाउनको लागि नाम-विशेषण, विशेषण-नाम, क्रियात्मक पदावली, सहप्रयोग आदिका सहायताले पदावलीगत उदाहरण प्रस्तुत गरिएको छ । यसरी शब्दप्रयोग गर्ने युक्ति नै पदावलीगत उदाहरण हो । प्रनेशमा उदाहरणका रूपमा शब्दप्रयोग देखाउँदा कोष्ठकभित्र उदा. सङ्केत गरी उक्त पदावलीहरू प्रस्तुत गरिएको छ । प्रनेशमा प्रयोग भएका पदावलीगत उदाहरणहरूको चर्चा तल गरिएको छ ।

(क) प्रनेशमा शीर्ष शब्दलाई उद्देश्य पदावलीका रूपमा प्रयोग गरिएको पाइन्छ । जस्तै ;

प्रताडित- मालिकद्वारा प्रताडित नोकर

ओहदावाला - उच्च ओहदावाला व्यक्ति

(ख) यस कोशमा उदाहरण दिँदा नाम र उक्त नामको गुण, अवस्था आदि बुझाउने विशेषण गरी नाम-विशेषण पदावलीका रूपमा प्रस्तुत गरिएको छ । जस्तै ;

गतिशील - गतिशील व्यक्तित्व, गतिशील समाज, गतिशील नेतृत्व

उष्ण- उष्ण जलवायु, उष्ण प्रदेश

(ग) आफ्नो खास अर्थ नभएको र आधार तत्वका पछाडि जोडिएर नयाँ शब्द रचना गर्न सघाउने भाषिक एकाइलाई प्रत्यय भनिन्छ । प्रनेशमा यस्ता प्रत्ययहरूलाई छुट्टै प्रविष्टि दिइएको छैन तर त्यस्ता प्रत्यय लागेका शब्दहरूलाई प्रविष्टि दिई तिनको प्रयोग उदाहरण स्वरूप दिइएको छ । जस्तै ;

सजावट - उदा. मञ्चको सजावट, कोठाको सजावट, गहनाको सजावट

बचावट - उदा. खाद्यान्नको बचावट, सङ्कटबाट बचावट

(घ) यस शब्दकोशमा अनुकरणात्मक शब्दहरूलाई प्रयोग सन्दर्भअनुकूल हुने गरी पदावलीका रूपमा उदाहरण प्रस्तुत गरिएको छ। जस्तै ;

टम्म - उदा. टम्म पेट, टम्म जिउ

पुक्लुक्क - उदा. पुक्लुक्क गाला

भकभके - उदा. भकभके केटो

(ङ) प्रनेशमा दुई वा दुईभन्दा बढी शब्दबीच समास भई बनेका समस्त शब्दहरूलाई तिनका विविध प्रकारअनुसार वाक्यमा प्रयोग गरिएको छ। जस्तै ;

लामकाने - उदा. लामकाने खसी (बहुब्रिही)

घरभँडुवा- उदा. घरभँडुवा केटो (तत्पुरुष)

त्रिमूर्ति- उदा. विश्वविद्यालयका त्रिमूर्तिले गरेको निर्णय (द्विगु)

बामपुड्के - उदा. बामपुड्के केटो (कर्मधारय)

(च) कुनै शब्दको निकटवर्ती भएर आउने वा अन्वित हुने अर्को शब्द वा पदावलीलाई सहप्रयोग भनिन्छ । यस्ता शब्दले प्रयोगमा आउँदा कुनै खास शब्दको सान्निध्य चाहेको हुन्छ । प्रनेशमा पनि उदाहरणहरू प्रस्तुत गर्दा सहप्रयोग दिइएको पाइन्छ। जस्तै ;

इन्कलाब - इन्कलाब- जिन्दावाद

(छ) यसमा एउटै शब्द दोहोरिएर बनेका द्वित्व शब्दहरूलाई पदावलीको रूपमा प्रयोग गरिएको छ।

बाङ्गोटिङ्गो - बाङ्गोटिङ्गो बाटो

(ज) अनुकरणमूलक शब्दहरू प्रायः क्रियायोगीका रूपमा प्रयुक्त हुने भए तापनि केही अनुकरणात्मक शब्दहरू क्रियायोगी, विशेषण, नाम आदिका सन्दर्भमा

आएका

भेटिन्छन् । त्यस्ता शब्दहरूलाई सन्दर्भपूर्ण रूपमा उदाहरण दिइएको छ । जस्तै ;

टिमिक्क - टिमिक्क चोलो, टिमिक्क सुरुवाल

भ्याम्म - भ्याम्म अँगालो हाल्नु, भ्याम्म झम्टनु ।

(झ) कुनै शब्दको अर्थ दिँदा उक्त शब्दसँग सहप्रयोगमा आई छुट्टै शब्दको रूपमा अर्थ प्रदान गर्ने शब्दहरूलाई उक्त शब्दको उदाहरणको रूपमा प्रयोग गरिएको छ । जस्तै ;

जमिनदारी - जमिनदारी प्रथा

(ञ) केही तत्सम शब्दहरूलाई प्रष्ट्याउने क्रममा संस्कृतका उदाहरणहरू दिइएको पाइन्छ । जस्तै ;

इतिश्री - इतिश्री मार्कण्डेय पुराणे ......

(ट) प्रनेशमा केही नाम शब्दको उदाहरण प्रस्तुत गर्दा उक्त शब्दको साथमा प्रयोग हुने नाम शब्दहरूलाई दिइएको छ । जस्तै ;

छोडाइ - घर छोडाइ, साथ छोडाइ

फुलाइ - फूल फुलाइ, मुख फुलाइ

(ठ) वाक्यात्मक अर्थ प्रदान गर्ने खालका पदावलीहरू पनि शब्द प्रयोग गर्ने क्रममा आएको पाइन्छ । जस्तै ;

जदौ - जदौ साहेब, जदौ मालिक

(ड) सन्धि भई बनेका शब्दहरूलाई प्रविष्टिमा समावेश गरी तिनलाई पदावलीको रूपमा प्रयोग देखाइएको छ । जस्तै ;

सूर्योदय - सूर्योदयको वेला

सङ्घर्ष - राजनीतिक सङ्घर्ष, सामाजिक सङ्घर्ष

(ढ) प्रनेशमा शब्द प्रयोग गर्ने क्रममा उद्गार चिन्हयुक्त पदावलीको पनि उपयोग गरिएको पाइन्छ । यस्तो चिन्ह विशेष गरी आश्चर्य, खुसी, अफसोच, घृणा आदिको अभिव्यक्ति हुँदा प्रयोग गरिन्छ । यहाँ उक्त उद्गार/विस्मयसूचक चिह्न प्रयोग भएको पदावली तल दिएको छ ।

गोरख - जय गुरु गोरख !

### ३.३.१.३ शब्दगत प्रयोग

शब्दांश वा शब्दगत रूपमा शब्दहरू प्रयोग गर्नु शब्दगत उदाहरण हो । प्रनेशमा यस्ता उदाहरणहरू प्रस्तुत गरी शब्दको प्रयोग दिइएको छ । शब्दगत उदाहरणहरू मध्ये केही स्वतन्त्र शब्दमा अर्को स्वतन्त्र शब्द मिलेर बनेका छन् भने कतिपय आधार पदमा प्रत्यय र उपसर्गको मेलबाट बनेका छन् । त्यस्तै कतिपय उदाहरणहरू समास र द्वित्वबाट पनि बनेका छन् । यसरी निर्मित शब्दहरूबाट उदाहरण दिँदा शब्द प्रयोगमा छरितोपन आउने हुँदा प्रस्तुत कोशमा स्वनिर्मित उदाहरणका रूपमा शब्दात्मक किसिमका उदाहरणहरू प्रशस्त दिइएको पाइन्छ । यहाँ विभिन्न आधारमा यस्ता शब्दगत उदाहरणहरूलाई केलाउने प्रयास गरिएको छ ।

(क) आफ्नो कुनै स्वतन्त्र अर्थ नभएका र शब्दका अगाडि जोडिएर अर्थ प्रदान गर्न सघाउने उपसर्गहरूलाई यस शब्दकोशमा प्रविष्टि दिई उदाहरण दिने क्रममा उपसर्ग लागेर बनेका शब्दहरू दिई शब्दांशगत रूपमा उदाहरणहरू दिइएको छ । जस्तै ;

अनु - उदा. अनुगमन, अनुकरण, अनुक्रम, अनुचर, अनुकूल, अनुशासन

गैर - उदा. गैरजिम्मेवार, गैरनागरिक, गैरनेपाली

प्रति - उदा. प्रतिस्पर्धा, प्रतियोगी, प्रतिकूल, प्रतिप्रश्न, प्रतिहप्ता, प्रतिवेदन

(ख) कुनै शब्दको उदाहरण प्रस्तुत गर्दा उक्त शब्दसँगको श्रेणी वा स्तर जनाउने शब्दहरूको सहप्रयोग दिइएको छ । जस्तै ;

चहार - उदा. अब्बल, दोयम, सिम चहार

(ग) यस शब्दकोशमा केही शब्दहरूको उदाहरण प्रस्तुत गर्दा विपरीत अर्थयुक्त शब्दहरूको सहायता लिएर सहप्रयोगको सन्दर्भ सङ्केत गरी उदाहरण प्रस्तुत गरिएको छ । जस्तै ;

अमिरी - उदा, अमिरी- गरिवी

प्रत्युच्चारण - उदा. उच्चारण- प्रत्युच्चारण

(घ) प्रनेशमा केही शब्दको उदाहरण दिँदा उक्त शब्दको सन्दर्भको सङ्केत मात्र भएको पनि पाइन्छ । जस्तै ;

उपद्वीप - उदा. द्वीप - उपद्वीप

(ङ) शब्दको प्रयोग प्रस्तुत गर्ने क्रममा दुई स्वतन्त्र नाम शब्दलाई समास गरेर दिइएको पाइन्छ । जस्तै ;

ऋद्धि - ऋद्धिसिद्धि

प्रथा - दासप्रथा

(च) प्रनेशमा शीर्ष शब्दको प्रयोग गर्ने क्रममा उक्त वस्तुबाट बन्ने सामानहरूको समेत उपयोग गरिएको छ । यस्तो उदाहरण शब्दात्मक रूपको पाइन्छ । जस्तै ;

काठ - उदा. खाँबो, फलेक, कुर्सी, टेबुल, ढोका

(छ) प्रस्तुत कोशमा शब्दहरूको प्रयोग दिँदा एउटै शब्दको प्रयोगको व्यापकताअनुसार १४ वटा शब्दात्मक उदाहरण प्रस्तुत भएको अवस्था पनि पाइन्छ । जस्तै ;

लोक - उदा. लोकव्यवहार, लोकपरम्परा, लोकसाहित्य, देवलोक, मर्त्यलोक, ब्रह्मलोक, विष्णुलोक, स्वर्णलोक, सत्यलोक, इहलोक, परलोक, चन्द्रलोक, सूर्यलोक, पृथ्वीलोक ।

### ३.३.२ पारिभाषिक शब्दको प्रयोग

कुनै निश्चित विषय वा क्षेत्रमा प्रयोग हुने विशेष शब्दलाई नै पारिभाषिक शब्द भनिन्छ । यी शब्दहरूले भाषिक प्रयोगको क्षेत्र र स्तरलाई बुझाउँछन् । पारिभाषिक शब्दहरूलाई प्रनेशमा तिनको परिभाषाका साथमा उदाहरण प्रस्तुत गरिएको छ । यस्ता पारिभाषिक शब्दहरूको प्रयोग दिँदा कतै अन्य शब्दहरूको साथमा शीर्ष शब्दको प्रयोग दिइएको छ भने कतै शीर्ष शब्दले सङ्केत गर्ने वा परिभाषित गर्न सक्ने शब्दहरू प्रयोग गरिएको छ । यस क्रममा शब्दात्मक, पावलीगत, र वाक्यात्मक गरी तीनै प्रकारको प्रयोग दिइएको छ । जस्तै ;

शीर्षशब्द प्रयोग

छन्द - ऊ छन्दमा कविता लेख्छ ।

गद्य - उदा.गद्यविधा, गद्यकाव्य, गद्यकविता ।

अन्य शब्दबाट प्रयोग

अलङ्कार - उदा. उपमा, रूपक, अनुप्रास आदि ।

कर्तृवाच्य - भाइ हाँस्यो ।

बहिनी हाँसी ।

म हाँसे ।

### ३.३.३ बालबोलीका शब्द प्रयोग

प्रस्तुत कोशको उद्देश्य बालबोलीलाई प्रधानता दिनु नभए तापनि यसमा प्रशस्त मात्रामा बालबोलीका शब्दलाई प्रविष्टि दिई तिनको उदाहरण दिइएको छ ।

यस्ता उदाहरणहरू उद्धृत र स्वनिर्मित दुबै खालका छन् । साथै शब्दात्मक पदावलीगत र वाक्यात्मक तीन खालका उदाहरणहरू पनि यसमा दिइएको छ । यस्ता बालबोलीका शब्दहरूलाई कोशमा बाबो. भनी सङ्केत गरेर अर्थ र प्रयोग दिइएको छ ।

उद्धृत उदाहरण

नाना - 'यति नाना फाट्यो मुसुरीले काट्यो'

फुई - 'जाडामा रुई, फुई र दुई चाहिन्छ'

स्वनिर्मित उदाहरण

सुरी - सुरी ! आइजा

माम - बच्चाले बुबुमाम खायो ।

### ३.३.४ उद्धृत प्रयोग

उद्धृत प्रयोग भन्नाले लिखित वा मौखिक स्रोतबाट सामग्री लिई शब्द प्रयोग गर्नु भन्ने बुझिन्छ । यस्ता उद्धरणहरू प्राय लिखित स्रोतबाट लिनु उपयुक्त मानिन्छ । किनकि त्यस्ता सामग्रीहरू पूर्व परीक्षण भई सकेका हुन्छन् । उद्धृत प्रयोगहरू दिँदा सन्दर्भपूर्ण र प्रयोगमा प्रचलित किसिमका लिनु राम्रो मानिन्छ । प्रनेश एक प्रयोगमूलक शब्दकोश भएकाले यसमा उद्धृत प्रयोगहरूको अधिक सहारा लिइएको छ । प्रनेशमा लिखित, मौखिक दुवै स्रोतबाट उद्धरणहरू लिइएको छ । मौखिक स्रोतमा उखान टुक्काहरू, प्रसिद्ध सूक्ति, उक्ति र महावाणी आदि रहेका छन् भने लिखित स्रोतबाट विशेष गरी प्राचीन ग्रन्थ, गद्य साहित्य र पद्यात्मक रचनाहरूबाट बढी उद्धृत गरिएका छन् । प्रनेशमा उपयोग गरिएका उद्धरण प्रयोगलाई तल केलाउने प्रयास गरिएको छः

(क) लोकजीवनमा प्रचलित सारपूर्ण कथन वा उक्तिलाई उखान भनिन्छ । प्रस्तुत कोशमा त्यस्ता उखानहरूबाट शब्द प्रयोग दिइएको छ । शब्द प्रयोग दिँदा शीर्ष शब्दको प्रयोग सन्दर्भअनुसार उद्धृत गरिएको छ । जस्तै ;

**ईख** - ईख नभएको मान्छे र बिख नभएको सर्प काम लाग्दैन ।

जन्त - अघिपछि अन्त चैतमा जन्त ।

धोबी - धोबीको कुकुर घरको न घाटको ।

(ख) वाच्यार्थभन्दा लाक्षणिक अर्थ मुख्य हुने र विशेष गरी क्रियाका साथमा आउने पदावलीहरूलाई टुक्कात्मक उदाहरणको रूपमा लिइन्छ । यस्ता पदावलीहरू कुनै धार्मिक, साँस्कृतिक क्षेत्रमा प्रचलित हुन्छन् भने कुनै साहित्यका विभिन्न फाँटमा प्रचलित हुन्छन् । यस्ता पदावलीहरूका सहायताले प्रनेशमा शब्द प्रयोग दिइएको छ । जस्तै ;

नाक - नाक काट्नु, नाक राख्नु

(ग) प्रस्तुत कोशमा केही स्वतन्त्र अर्थ प्रदान गर्न सक्ने खालका टुक्काहरूलाई छुट्टै प्रविष्टि दिई तिनलाई वाक्यमा प्रयोग गरिएको छ ।

गम खानु - ऊ एकछिन गम खाएर बस्यो ।

आँखा लाग्नु - मेरो कोटमा उसको आँखा लाग्यो ।

(घ) प्रनेशमा उद्धृत उदाहरणका रूपमा महान व्यक्तित्वका महावाणीहरूलाई पनि लिइएको छ । जस्तै ;

कटक - जाइकटक नगर्नु, झिकीकटक गर्नु (पृथ्वीनारायण शाह)

(ङ) नेपाली समाजमा प्रचलित विभिन्न उक्तिहरू पनि यस कोशको शब्द प्रयोग गर्नमा उपयोग गरिएको छ । जस्तै ;

कात्तिके - कात्तिके कुकुर

कुकर्म - कुकर्मको फल

कनपट - भालुको कनपट

(च) प्रस्तुत कोशमा नेपाली भाषाको गद्यात्मक विधाहरूबाट पनि प्रशस्त प्रयोगहरू लिइएको छ । उक्त क्रममा कतै वाक्यात्मक अंश लिइएको छ भने कतै पदावलीयुक्त अंशहरू लिइएको छ । जस्तै ;

पदावलीमा

फर्सी - अप्ठेरोमा फलेको फर्सी

साथी - उकालाको साथी लौरो

वाक्यात्मक

ठिङ्गा - मूर्खका लागि ठिङ्गा नै बल हो ।

फोको - जीवन पानीको फोको जस्तै हो ।

(छ) पद्य विधा साहित्यको बहुप्रचलित विधा भएकाले कोशहरूमा प्राय यसको उपयोग बढी गरिएको पाइन्छ । साथै यस्ता उद्धरणहरू अन्यभन्दा अझ लयात्मक र सुकोमल हुने र बढी स्मरणमा पनि रहने भएकाले कोशकारहरूलाई पनि सम्झन सजिलो र पाठकले पनि सिक्न सजिलो हुनाले पनि कोशमा बढी उपयोग गरिन्छन् । त्यसै गरी प्रनेशमा यस्ता कविता, गीत, खण्डकाव्य, महाकाव्य आदिबाट उदाहरण लिइएको पाइन्छ । जस्तै ;

कुहुकुहु - कुहुकुहु कोकिल कुँज्छ कुञ्जमा

कात्रो - तिम्रो अन्तिम सिँगार, साँगिनी ! कात्रो कसोरी

झम्के - झम्के फुली नाकैमा बुलाँकी

अध्याय चार

# प्रयोगात्मक नेपाली शब्दकोशका प्रमुख विशेषताहरू

## ४.१ परिचय

प्रयोगात्मक नेपाली शब्दकोशमा पनि परम्परित कोशहरूमा जस्तै नेपाली भाषाका शब्दहरूको अर्थ, प्रयोग आदि सोही भाषामा दिइएकाले यो नेपाली एकभाषी कोश हो । यसमा प्रत्येक प्रयोगशील शब्दहरूको उच्चारणसम्बन्धी सूचना, शब्दस्रोत, व्युत्पादन प्रक्रियाका साथै प्रयोग समेत दिइएकाले यो नेपाली कोशलेखन परम्पराको एक महत्वपूर्ण कृतिको रूपमा स्थापित हुन पुगेको छ । यिनै विविध सूचनाहरू दिइएकाले शिक्षणीय दृष्टिले पनि प्रस्तुत कोश अति उपयोगी बन्न पुगेको छ । यसमा शब्दका विविध रूपमध्ये मानक रूपलाई प्राथमिकता दिइएको छ । शब्दका वैकल्पिक रूपलाई कम गर्ने प्रयासम यस कोशमा भएको देखिन्छ । यसमा शब्दको कथ्य रूपलाई प्रोत्साहित गरिएको देखिन्छ । प्रस्तुत कोशमा शब्दहरूको प्रकृति र प्रवृत्तिलाई नजिकबाट ठम्याई शब्दसम्बन्धी विभिन्न सूचनाहरू प्रस्तुत गरिएको छ । कोशको समग्र पक्षलाई हेर्दा प्रस्तुत कोशले प्रयोक्ता माझ शब्दकोशको लोकप्रियता बढाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने र प्रयोक्ताको हित अनुकूलको कोश बन्न सक्ने देखिन्छ । प्रस्तुत अध्यायमा प्रनेशका सामान्य विशेषताहरूलाई वर्णविन्यास, उच्चारण, व्युत्पत्ति, अर्थ, प्रयोग आदिका आधारमा केलाउने प्रयास गरिएको छ :

## ४.२ विशेषताहरू

### ४.२.१ वर्णविन्यासम्बन्धी

(क) प्रस्तुत कोशमा यसभन्दा अगाडिका कोशहरूमा दिइएका वैकल्पिक प्रविष्टिलाई कम गर्ने प्रयास भएको छ । जस्तै ;

वार, वेला

(ख) यसमा केही वैकल्पिक प्रचलनमा रहेका शब्दहरूको सकभर एउटा मानक रूपलाई प्रविष्टि दिइएको छ । त्यो सम्भव नभएमा मुख्य र स्तरीय शब्दको अर्थ दिइएको छ र निम्नस्तरीय शब्दहरूलाई हेर्नु (हे.) भनी सङ्केत गरिएको छ ।

गलल - (अमू.) क्रियो.हे. गलल्ल

गलल्ल - (अमू.) क्रियो. ठूलो स्वरले हाँस्दाको किसिम । जोकरका कुरा सुनेर दर्शकहरू गलल्ल हाँसे ।

(ग) समास भएर शब्द बनेको अवस्थामा सिङ्गो र स्वतन्त्र शब्दहरूको संयोजन मात्र भएमा ह्रस्वीकरण नगरी यथावत राख्ने नयाँ शैली अपनाइएको छ ।

जडीबुटी - जडी+बुटी

मन्त्रीमण्डल - मन्त्री+मण्डल

लुकीछिपी - लुकी+छिपी

(घ) नेपाली भाषाको प्रचलित मान्यतालाई नभत्काईकन हिज्जेलाई सरलीकरण गर्ने प्रयास गरिएको छ ।

दर्खास्त - दरखास्त

(ङ) यसको वर्णानुक्रम परम्परागत किसिमको छ ।

अ, आ, इ, ई, उ, ऊ, ऋ, ए, ऐ, ओ, औ

क, ख, ग, घ, ङ

च, छ, ज, झ ञ

ट, ठ, ड, ढ, ण

त, थ, द, ध, न

प, फ, ब, भ, म

य, र, ल, व

श, ष, स, ह

क्ष, त्र, ज्ञ लाई क्रमशः क, त, ज को संयुक्ताक्षरको वर्णानुक्रममा राखिएको ।

अ, अँ, अं, अः को अनुक्रम ।

(च) संस्कृतबाट प्राकृत हुँदै क्षतिपूर्तिका रूपमा कथित दीर्घ भई बनेका बहुप्रचलित केही शब्दलाई ह्रस्वमा पनि वैकल्पिक प्रविष्टि दिइएको पाइन्छ ।

तीखो/तिखो, मीठो/मिठो, सीप/सिप

(छ) क्षतिपूर्तिमा नपर्ने तर नेवृश (२०४०) ले दीर्घ मानेका केही शब्दहरूलाई ह्रस्वमा प्रविष्टि दिइएको छ ।

किरो, सिङ,

(ज) तत्सम शब्दहरूमा तद्भव वा अन्य प्रत्यय लाग्दा र तद्भव नियमको पालना भएको छ ।

स्विकार्नु, दर्साउनु, पस्चिमे

### ४.२.२ उच्चारणसम्बन्धी

(क) प्रस्तुत कोशमा शब्दको मानक उच्चारण, प्रविष्टि छनोटमा भाषिका र सामान्य बोलीचालीका रूपभन्दा शब्दको स्तरीय र बहुप्रचलित रूपको छनोट भएको, प्रयोग सन्दर्भ स्पष्ट पार्न शब्द प्रयोगका उदाहरण प्रस्तुति, मानक हिज्जे, शब्द स्रोत, व्युत्पत्ति र मानक शब्द निर्धारणमा जोड दिइएकाले नेपाली भाषाको पहिलो मानक कोश स्थान लिन सफल भएको छ ।

नमस्कार - /नमस्कार्/ (तत्स.) -- उसले गुरुलाई नमस्कार गऱ्यो ।

(ख) नेपाली एकभाषी शब्दकोशहरू मध्ये शब्दहरूको उच्चारणको सूचना प्रस्तुत गर्ने पहिलो कोश हो । यसमा मुख्य रूपमा असमस्त वा एकल शब्दहरूको उच्चारण दिइएको छ । अन्य शब्दहरूमा भने लेखन र उच्चारण फरक पर्ने अवस्थामा उच्चारणसम्बन्धी सूचना दिइएको छ ।

नम्बरी - /नम्बरि/

प्रभावोत्पादक - /प्रभाबोत्पादक्/

(ग) शब्दको कथ्य रूपलाई पनि लेख्य सरह मान्यता दिएर प्रविष्टिमा समावेश गरिएको छ ।

सम्चार - ना. हे. समाचार

(घ) यसमा देवनागरी लिपिमा भाषाको कथ्य रूप अनुसार उच्चारण दिइएको छ ।

अविज्ञ - /अबिग्ग्यँ/

दोकानदारी - /दोकान्दारि/

मोलतोल - /मोल्तोल्/

### ४.२.३ व्युत्पत्ति तथा व्युत्पादनसम्बन्धी

(क) शब्द स्रोतसम्बन्धी सूचना दिने क्रममा तत्सम, तद्भव, आगन्तुक र अनुकरणमूलक गरी चार किसिमको मात्र सङ्केत गरिएको छ ।

प्रभा - (तत्स.)

थचक्क - (अमू.)

धब्बा - (आ.)

(ख) यसमा विविध कथ्य र लिखित स्रोतबाट शब्द छनोट गरिएको छ ।

(ग) यसमा शब्द व्युत्पादन सम्बन्धमा आधार पद र त्यसमा लागेका परसर्ग र उपसर्ग अर्थात प्रकृति-प्रत्यय दिइएको छ ।

अतिरथी - अति + रथी

चटनी - चाट् + अनी

धर्मवीर - धर्म + वीर

(घ) शब्दहरूको शब्दवर्गका साथै व्याकरणसम्बन्धी आवश्यक सूचनाहरू समावेश हुनुका साथै अन्य कोशहरू भन्दा भिन्न लघुतावाची शब्द, स्त्रीलिङ्गी शब्द, बहुवचन/तिर्यक रूप आदि सङ्केत गरिएको छ ।

डोको - ना. (बहु/ति. डोका, सम्ब. डोके)

म - सर्व (ति. मैले, सम्ब. मेरो, बहु. हामी)

बिरानो - बि. (बहु/ति. बिराना, स्त्री. बिरानी)

बिर्सनु - विप. सम्झनु

घैंटो- ना. (बहु/ति. घैंटा, लघु घैंटी)

(ङ) शब्दहरूको व्युत्पादन दिँदा विभिन्न कालखण्डमा देखिएका परिवर्तनलाई औंल्याउने दृष्टिले नभई समकालिन संरचना बुझ्न मद्दत गर्ने दृष्टिकोण राखिएको छ ।

(च) शब्द व्युत्पादन दिँदा माथिल्लो एक तहको व्युत्पादनलाई मात्र प्राथमिकता दिइएको छ । जस्तै ;

उद्बुद्ध - उत् + बुद्ध

### ४.२.४ अर्थ र प्रयोगसम्बन्धी

(क) यो कोश नै नेपाली भाषामा शब्द प्रयोग दिने पहिलो कोश हो । यसमा शीर्ष शब्दको प्रत्येक अर्थअनुसार शब्द प्रयोग दिइएको छ । एउटै शब्दलाई शब्दगत, पदावलीगत र वाक्यगत रूपमा समेत प्रयोग दिइएको छ । प्रनेशमा एउटा शब्दको एउटै अर्थको पनि एकभन्दा बढी प्रयोग दिइएको छ । (हेर्नू: अध्याय तीन)

(ख) आगन्तुक शब्दहरूको हाल प्रचलित प्रयोगसँग सम्बन्धित अर्थ मात्र दिइएको छ ।

ग्लास - (आ.) ना. १. गिलास २. सिसा, काँच

(ग) यस कोशमा विशेष गरी आगन्तुक शब्दको अर्थ निर्धारण गर्ने क्रममा समानार्थी अङ्ग्रेजी रूपान्तरलाई दिइएको छ ।

कृमिकोष - लार्भा

सुसाङ्ख्य - क्याल्कुलेटर/हे. कम्प्युटर

(घ) यसमा सबै प्रयोगशील शब्दहरूको कोशीय अर्थ र सान्दर्भिक अर्थ दिनुका साथै प्रत्येक अर्थअनुसार वाक्य वा पदावलीका रूपमा प्रयोग दिइएको छ ।

पन्चर- /पन्चर्/ (आ.) ना.१. हावा भरिएको भकुन्डो, मोटर, साइकल आदिको पाङ्ग्राबाट हावा फुस्कने काम । मोटरको टायर पन्चर भयो । वि.२. हावा खुस्केको, क्षमता हराएको (ला.) । उसको दिमाग पन्चर भएछ । वि.३. थोत्रो, बेकम्मा

(ङ) शब्दको अभिधा र अन्य प्रचलित अर्थका साथै आवश्यकताअनुसार लाक्षणिक र अनौपचारिक अर्थ समेत दिइएको छ ।

धारो - उच्च ठाउँबाट तलतिर झरेको पानीको गति, प्रवाह, झरना आदि, धारा

- पानी झर्न बनाइएको टुटी, पाइप, डुँड आदि

- निरन्तर आउने तथा जाने क्रम, ओइरो, धुइरो (ला.)

छेर्नु - अपच भएर वा कुनै विमारले पातलो दिसा गर्नु

- कसैको धनमाल लगेर पचाउन नसकी फिर्ता गर्न बाध्य हुनु (अनौ.)

- डरले लुरुक्क पर्नु

(च) यसमा शब्दकोशका विविध पक्षमध्ये प्रयोग पक्षमा जोड दिइएको छ ।

(छ) शब्द प्रयोगका सन्दर्भमा स्वनिर्मित प्रयोगका साथै उखान-टुक्का, गद्य र पद्य उद्धरणहरूको समेत उपयोग गरिएको छ ।

जलन - अर्काको उन्नतिमा जलन हुनु राम्रो होइन ।

छापा - छापाखाना

आरु - आरुको फूल, आरुको बोट

अप्सानी - अप्सानी नहाली ढिँडाको गास

मौका - मौकामा चौका हान्नु

ताँती - हेरहेर साथी हो, कमिलाको ताँती हो ।

झोपडी - म आफ्नो घरको राजा झोपडी नै भए पनि

(ज) समसामयिक प्रयोग, उच्चारण आदि प्रस्तुत गरिएको हुँदा उपयोगका दृष्टिले व्यवहारिक छ ।

(झ) शब्दको प्रयोग दिँदा उद्धरणलाई भन्दा स्वनिर्मित प्रयोगलाई अधिक मात्रामा अपनाइएको छ ।

### ४.२.५ अन्य

(क) यसमा जम्मा १०७६+२० पृष्ठ छन् र ३९,५३७ शब्दलाई मूल प्रविष्टि दिइएको छ ।

(ख) यसको आकार प्रकार शिक्षणीय दृष्टिले उपयोगी छ ।

(ग) प्रस्तुत कोशमा नेपाली भाषाको समसामयिक प्रवृत्तिलाई आधार मानी मानक शब्द निर्धारण गर्ने प्रयास गरिएको छ ।

(घ) पूर्ववर्ती कोशहरूमा समावेश नभएका तर नेपाली प्रयोगमा देखिएका प्रशस्त शब्दहरूलाई प्रविष्टि दिइएको छ ।

इमेल, इन्टरनेट, डायल टोन

(ङ) प्रस्तुत कोशमा व्यक्ति, स्थान, संस्था, आदिका नाम समावेश छैनन् ।

## अध्याय पाँच

# उपसंहार

### ५.१ निष्कर्ष

भाषाविद् हेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराईको सम्पादकत्वमा तयार भएको प्रयोगात्मक नेपाली शब्दकोश नेपाली शब्दकोशहरू मध्ये नवीन मान्यता बोकेको नेपाली एकभाषी शब्दकोश हो । वि.सं. २०६१ मा विद्यार्थी प्रकाशन प्रा.लि. द्वारा प्रकाशित उक्त कोशमा शब्दको उच्चारण, व्युत्पत्ति, पदवर्ग, शब्द प्रयोग, वर्णविन्यास र तिनको अर्थ, परिभाषा, पर्याय, विपरीतार्थक शब्द आदिको जानकारी समेत समेटेर तयार पारिएको छ ।

उक्त कोशमा शीर्ष शब्दहरूको मानक वर्णविन्यास र उच्चारण, प्रस्तुत गरिएको छ । कुनै शब्दको विभिन्न रूपहरू छन् भने बहुप्रचलित रूपलाई प्राथमिकता दिइएको छ । प्रविष्टिमा शब्द छनोट गर्दा समसामयिक शब्दहरूलाई बढी समेटिएको छ । प्रनेशमा वैकल्पिक प्रविष्टिलाई कम गर्ने प्रयास भएको छ । प्रनेशमा कोश वैज्ञानिक मान्यताको अधिक उपयोग भएको पाइन्छ । अर्थ प्रस्तुतिमा अर्थविधानका प्राय सबै युक्तिहरूको पालना गरिएको पाइन्छ । त्यस्तै शब्दको उदाहरण दिने क्रममा पूर्व स्थापित मान्यताहरूको प्रयोग गरिएको छ । उदाहरणहरू विभिन्न ग्रन्थ, उक्ति तथा उखान-टुक्का आदिबाट उद्धृत गरिएको छ । स्वनिर्मित उदाहरणहरूको आधिक्य यस कोशमा पाउन सकिन्छ । यस क्रममा कोशकारहरूबाट शब्द प्रयोग सन्दर्भको ख्याल भएको पाइन्छ । यहाँ प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग पक्षको अध्ययन-विश्लेषणबाट निश्चित निष्कर्षमा पुगिएको छ । उक्त निष्कर्षहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

१. नेपाली भाषाका पूर्ववर्ती कोशहरूमा शब्दको प्रयोग सम्बन्धमा ख्याल नगरिएको र यस कोशमा प्रत्येक प्रयोगशील शब्दहरूको प्रयोग दिइएकाले यो नै नेपाली भाषाको पहिलो प्रयोगपरक कोश हो ।

२. प्रनेशमा स्वनिर्मित र उद्धृत गरी दुवै किसिमका प्रयोगहरू दिइएको छ । स्वनिर्मितमा वाक्यात्मक, पदावलीगत र शब्दगत गरी प्रयोग दिइएको छ भने उद्धृतअन्तर्गत गद्य तथा पद्य उद्धरणहरू, उखान-टुक्काहरू र महत्वपूर्ण उक्ति वा भनाइहरूलाई लिइएको छ ।

३. प्रनेशमा शब्दको उदाहरणहरू दिने क्रममा उद्धृतभन्दा स्वनिर्मित प्रयोगलाई अधिक उपयोग गरिएको पाइयो ।

४. शब्द प्रयोगमा केही अपवादहरू छोड्दा अधिक उदाहरणहरू छोटा, छरिता र सन्दर्भपूर्ण नै रहेको देखिन्छ ।

५. प्रस्तुत कोश शब्द प्रयोगमा बढी केन्द्रित रहेको र शब्दहरूको प्रयोग दिँदा प्रयोग र प्रचलनमा रहेका समसामयिक शब्दहरूको सन्दर्भपूर्ण प्रयोगमा ध्यान पुऱ्याएकाले प्रस्तुत कोशको शीर्षक प्रयोगात्मक नेपाली शब्दकोश सार्थक देखिन्छ ।

६. यसमा केही नाम शब्दहरू र अन्य केही शब्दहरू जसको प्रयोगले अर्थको थप व्याख्या हुन नसक्ने अवस्था रहेको छ त्यस्तो अवस्थामा प्रयोग दिइएको पाइँदैन भने अन्य सबै शब्दको प्रयोग दिइएको पाइन्छ ।

७. प्रस्तुत कोश शैक्षणिक दृष्टिले पनि व्यवहारिक देखिन्छ । किनकि यसमा दिइएको शब्द प्रयोगले कोशका प्रयोक्ताहरूलाई शब्द प्रयोगको व्यवहारिक ज्ञान हासिल हुन सक्ने देखिन्छ ।

८. अन्त्यमा प्रस्तुत कोशको महत्वपूर्ण पक्ष शब्द प्रयोग भए तापनि यसमा शब्दहरूको मानक उच्चारण, वर्णविन्यास, व्युत्पत्ति र स्रोतसम्बन्धी सूचना प्रस्तुत गर्ने क्रममा समेत नवीनता पाइने भएकाले अन्य अग्रणी कोशहरूको तुलनामा यसलाई अग्रगामी कोशवैज्ञानिक फड्को मान्न सकिन्छ ।

## ५.२ सुझावहरू

शब्दकोशको सम्पादन कार्य अति नै कठिन र चुनौतीपूर्ण हुन्छ । यसमा दिइएका सूचनाहरू आफैंमा सत्य र शुद्ध हुनुपर्छ । यसले भाषाको व्यापकतालाई समेटेको हुनुपर्छ । यसले भाषाको व्यापकतालाई समेटेको हुनुपर्छ । शब्दकोशमा वर्णविन्यासीय गल्तीहरू स्वीकार्य हुँदैनन् । प्रत्येक शब्दको पदवर्ग, अर्थ, व्युत्पत्ति, स्रोत, उच्चारण, प्रयोगका साथै अन्य सूचनाहरूको समेत सही पहिचान गरी कोश निर्माण गर्नुपर्ने हुँदा यो कार्य साधारण लेखक सम्पादकहरूको बलबुताभन्दा बाहिरको मानिन्छ । त्यस्तो शब्दकोशमा कोशकारको भाषासम्बन्धी मान्यता कोशको प्रकार आदिले पनि विविधता ल्याउन सक्छ । साथै कुनै पनि कोश पहिलो सम्पादन मै पूर्ण नहुन सक्छ । तसर्थ यसलाई नित्य परिमार्जनको आवश्यकता पर्दछ ।

प्रस्तुत कोश भाषाका साधक विद्वान् द्वयको अथक प्रयासबाट निर्मित भएको नवीन विशेषतायुक्त कोश मानिन्छ । यसका अर्थ प्रस्तुति, व्युत्पत्ति, उच्चारण, प्रयोग आदि पक्षमा अन्य कोशहरू भन्दा भिन्न र नवीनता देखापरेको छ । कुनै पनि शब्दकोशमा प्रत्येक शब्दको अर्थ अनुसार प्रयोग दिँदा अति नै सजग हुनुपर्ने हुन्छ । प्रनेशमा पनि निकै सावधानीपूर्वक उदाहरणहरू प्रस्तुत गरिएको छ । यस कोशमा विभिन्न उखान-टुक्का, गद्य-पद्य उद्धरण र स्वनिर्मित उदाहरण गरी विविध प्रकारले शब्द प्रयोग गरिएको छ । त्यति हुँदाहुँदै पनि यो पूर्ण रूपमा समस्या मुक्त भने हुन सकेको देखिँदैन । यस अध्ययनका क्रममा फेला परेका केही पक्षहरूलाई यहाँ बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

१. शब्दको उदाहरणहरू प्रस्तुत गर्दा प्रविष्टिलाई बोल्ड गर्ने र अन्य शब्दहरूलाई इटालिकमा राखेमा उदाहरण अझ प्रष्टसँग देख्न सकिने देखिन्छ ।

२. केही शब्दहरूको प्रयोगमा सम्पादकहरूले तत्कालिन प्रयोग प्रसङ्गलाई भन्दा सर्वमान्य प्रयोगलाई ध्यान दिनुपर्ने देखिन्छ । जस्तै ;

सहकुलपति - शिक्षामन्त्री विश्वविद्यालयको सहकुलपति रहने व्यवस्था छ । यो प्रयोग सधैं स्वीकार्य हुन नसक्ने देखिन्छ ।

३. शब्द प्रयोगमा बढीभन्दा बढी नेपाली प्रयोग सन्दर्भलाई ख्याल गर्नुपर्ने देखिन्छ । जस्तै ;

टपाए - प्रधानाध्यापकले तीनजना विद्यार्थीलाई कक्षा टपाए ।

औडाहा - शोकको औडाहाले उनी मूर्च्छित भए ।

माथिका वाक्यलाई हेर्दा नेपाली सन्दर्भमा कक्षा टपाउनु भन्नाले कक्षा चढाउने सन्दर्भभन्दा अमर्यादित तवरले कसैलाई अगाडि ल्याउनु भन्ने बुझिन्छ । त्यस्तै ओडाहा शब्द गर्मी, उकुसमुकुस जस्ता शब्दसँग बढी नजिक देखिन्छ र शोकाकुल अवस्थामा औडाहा नभई भावविह्वल हुने देखिन्छ ।

४. केही उखानहरूको प्रयोग गर्दा सम्पादकहरूद्वारा आफैंले केही तोडमोड गरेको पाइन्छ । जसले गर्दा अर्थ अझ स्पष्ट हुनुको सट्टा अष्पस्टता थपेको देखिन्छ । जस्तै ;

भदौ - भदौको डिँगो सधैं हरियो देख्छ, बनाइएको छ । यसलाई साविककै उखान 'भदौमा आँखा फुटेको डिँगो सधैं हरियो देख्छ' प्रयोग भएको भए अर्थ अझ स्पष्ट हुने थियो ।

५. शब्द प्रयोगमा यदाकदा त्रुटिको स्थिति पनि पाइन्छ । जस्तै ;

और्ध्वदेहिक - यस शब्दको उाहरणको रूपमा और्ध्वदेहिक मात्र भएको छ । यहाँ और्ध्वदेहिक क्रिया भनी दिइएको भए प्रयोग पूर्ण हुने देखिन्छ । हुन त यस्तो अवस्था टङ्कनमा छुट भएमा पनि हुन सक्छन् तर यस्ता त्रुटि शब्दकोशमा वाञ्छनीय हुँदैनन् ।

६. कतैकतै शब्दप्रयोगमा अमिल्दो सन्दर्भको झल्को पाइन्छ । जस्तै ;

टाटापाटा - यस शब्दको उदाहरणका रूपमा टाट पल्टनु, टुक्का प्रयोग भएको छ । यसले बहन गर्ने अर्थले टाटापाटाको अर्थ समेट्न नसक्ने देखिन्छ ।

७. कुनैकुनै अवस्थामा शब्द प्रयोगको अनुकरण हुँदा असहज हुने खालका प्रयोगहरू पाइन्छन् । जस्तै ;

प्रश्न - बच्चाले आमालाई प्रश्न गऱ्यो - 'म कसरी जन्में ?' यस वाक्यात्मक प्रयोगमा एक त सरल वाक्यको झलक पाइँदैन भने अर्को उक्त वाक्यलाई विद्यार्थीले अनुकरण गरेमा सहजता आउँदैन र हाम्रो सामाजिक सन्दर्भ अनुकुल नभएको प्रतीत हुन्छ । यस्तोमा आमालाई उत्तर दिन पनि असहज हुन्छ ।

८. आमनिर्वाचन शब्दलाई प्रयोग गर्दा 'नेपालमा वि.सं. २०१५ सालमा पहिलो आमनिर्वाचन भएको थियो । भन्ने वाक्य दिइएको छ । उक्त वाक्यमा वि.सं. दिइसकेपछि फेरि २०१५ पछि साल भनेर लेख्न नपर्ने हुन्छ । त्यस वाक्यलाई 'नेपालमा वि.स.. २०१५ मा पहिलो आमनिर्वाचन भएको थियो' लेख्नु उचित हुन्छ ।

९. कतैकतै शब्द प्रयोगमा अर्थ व्यापकताभन्दा सङ्कोचको अवस्था देखिन्छ । जस्तै ; अतिदानी शब्दको प्रयोग 'महाभारतमा कर्ण अति दानी थिए ।' भनेर दिइएको छ । यहाँ महाभारतका कर्ण भन्दा अझ व्यापक अर्थ प्रदान गर्न सक्ने देखिन्छ । त्यस्तै चाड शब्दको प्रयोगमा नेपालीहरू दसैं, तिहार, माघे सङ्क्रान्ति आदि चाड मनाउँछन्' भन्ने वाक्य दिइएको छ । उक्त वाक्य हिन्दु धर्मावलम्बीहरूका लागि मात्र सान्दर्भिक हुन्छ भने अन्यका धर्म मान्नेहरूका लागि चाड शर्ब्दको अर्थ समेटिएको देखिंदैन ।

१०. स्वनिर्मित प्रयोग कुनै पनि शब्दकोशको लागि उद्धृत प्रयोगभन्दा कम विश्वसनीय हुन्छ । उक्त प्रयोग सम्पादकहरू स्वयंले निर्माण गरी प्रयोग गर्ने भएकाले प्रयोग परीक्षण भएको हुँदैन । तसर्थ प्रस्तुत कोशका सम्पादकहरूले पनि उद्धृत वा पूर्व परीक्षण भएका सान्दर्भिक प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।

११. एउटै शब्दका विभिन्न व्याकरणिक कोटि भएमा तत्स्थानमै जनाइदिएर छुट्टाछुट्टै प्रयोग प्रस्तुत गरेमा प्रस्तुत कोशको महत्व अझ बढ्ने देखिन्छ ।

१२. वंशपरम्परा शब्दको प्रयोग गर्दा वाक्यमा 'गौतम बुद्ध शाक्य परम्पराका गरिमामय व्यक्तित्व थिए ।' भनिएको छ । उक्त वाक्यमा शीर्ष शब्दमा भएको वंश छुटेको छ । त्यो प्रयोगलाई शाक्य वंश परम्परा भन्दा अझ शब्दको प्रयोग अर्थयुक्त र सन्दर्भपूर्ण हुने देखिन्छ ।

१३. केही शब्द प्रयोगमा गहन रूपमा ध्यान नदिइएको जस्तो अवस्थाको आभास मिल्छ । जस्तै ;

घरघर - चुनावको बेलामा नेताहरू घरघर जान्छन् । यस वाक्यलाई हेर्दा चुनावको बेलामा नेताहरू घरघरमा भोट माग्न जान सक्छन् तर त्यस्तो प्रचलन नहुन पनि सक्छ । यस्तो अवस्थामा साँझको बेला सबैको घरघरमा बत्ती बल्छ भन्ने वाक्यको प्रयोग उचित देखिन्छ ।

१४. शब्दहरूको प्रयोग दिँदा सम्भव भएसम्म यस शब्दकोशमा प्रविष्टि पाई अर्थ निर्धारण भएका शब्दहरूबाट गर्दा अझ राम्रो हुने देखिन्छ ।

१५. शीर्षशब्दहरू विविध विषय क्षेत्रसँग सम्बन्धित भएमा तिनको सन्दर्भ र क्षेत्र निर्धारण गर्न सकेमा प्रयोक्तालाई झन प्रयोग गर्न सजिलो हुन सक्छ ।

१६. कुनै वस्तुको आकृतिप्रकृति, उपकरण, नक्सा आदिको अर्थ स्पष्ट पार्ने क्रममा आवश्यक ठाउँमा चित्रात्मक सङ्केतहरू दिएमा राम्रो हुने देखिन्छ ।

१७. कोशमा व्यक्तिवाचक नामहरू समावेश नगरे तापनि ख्यातिप्राप्त व्यक्तित्व, साहित्यकार विद्वान्हरू र भौगोलिक स्थानका नामलाई प्रविष्टि दिनु उपयुक्त देखिन्छ ।

१८. हाल प्रचलित रासस, युनिसेफ जस्ता अंशाक्षरी नामलाई पनि प्रविष्टि दिनु राम्रो मानिन्छ ।

१९. आगन्तुक शब्दहरूलाई आ. आत्र सङ्केत गर्नुभन्दा स्रोत भाषाको समेत जानकारी दिएमा प्रयोक्तालाई अझ सुगम हुने देखिन्छ ।

२०. शब्दकोशमा शब्दहरूलाई प्रविष्टि दिँदा र प्रयोग गर्दा सकेसम्म आर्य भाषाहरूबाट सजातीय शब्दहरू  लिनु राम्रो मानिन्छ ।

२१. परिशिष्टका रूपमा उखान टुक्का, ठाउँ र व्यक्तिवाची नामहरूलाई दिनु उपयुक्त हुने देखिन्छ ।

२२. कोशकारहरूले हालसालै नेपाली भाषामा प्रचलित शब्दहरूलाई स्थान दिने र समयको गति सँगसँगै प्रस्तुत कोशलाई परिमार्जन गर्ने कार्यमा निरन्तर लागिरहनुपर्ने आवश्यकता देखिन्छ । साथै आगामी संस्करणमा हाल देखिएका कमीकमजोरीहरू हट्दै जाने कुराको अपेक्षा राखिएको छ ।

## ५.३ भावी अनुसन्धानका लागि थप विषय

नेपाली शब्दकोश परम्परामा वि.सं. १८३१ देखि हालसम्म आइपुग्दा करिब १ दर्जन जति नेपाली कोशहरूको निर्माण भइसकेको भए तापनि यससम्बन्धी अध्ययन अनुसन्धानले आजसम्म पनि गति पाउन सकिरहेको छैन । शब्दकोशहरूलाई कोशविज्ञानका आधारमा मूल्याङ्कन गरिएका उाहरणहरू ज्यादै नै कम मत्रामा पाइन्छन् । यसरी हेर्दा अध्ययन अनुसन्धानका दृष्टिले शब्दकोशीय अध्ययन एक नवीन विषयको रूपमा नेपाली  भाषामा देखापरेको छ । कोशविज्ञान आफैमा व्यापक विषय भएकाले यसको अध्ययन अनुसन्धानको क्षेत्र पनि व्यापक रहेको छ । प्रस्तुत अध्ययन

प्रयोगात्मक नेपाली शब्दकोशको अध्ययनमा केन्द्रित रहेकाले यहाँ प्रयोगात्मक नेपाली शब्दकोशसँग सम्बन्धित भावी अनुसन्धानका शीर्षकहरू प्रस्तुत गरिएको छ ।

- नेपाली एकभाषी कोश परम्परामा प्रनेशको योगदानको अध्ययन
- प्रयोगात्मक नेपाली शब्दकोशको अर्थविधानको अध्ययन
- उच्चारण प्रस्तुतिका दृष्टिले प्रयोगात्मक नेपाली शब्दकोशको अध्ययन
- उच्चारणको सूचना दिने कोशहरूमा प्रनेशको स्थान
- शब्दको कथ्य मानक स्थापना गर्नमा प्रयोगात्मक नेपाली शब्दकोशको योगदानको अध्ययन
- कोशवैज्ञानिक दृष्टिमा प्रयोगात्मक नेपाली शब्दकोशको अध्ययन
- पूर्ववर्ती एकभाषी कोशका सापेक्षतामा प्रयोगात्मक नेपाली शब्दकोश
- प्रयोगात्मक नेपाली शब्दकोशको शब्द व्युत्पत्तिसम्बन्धी अध्ययन
- प्रयोगात्मक नेपाली शब्दकोशको शब्द व्युत्पादनसम्बन्धी अध्ययन
- प्रयोगात्मक नेपाली शब्दकोशमा व्याकरण सूचना प्रस्तुतिका युक्तिहरूको अध्ययन

# सन्दर्भ–सूची

**(क) नेपाली ग्रन्थ**


अधिकारी, हेमाङ्गराज, (२०५८) समसामयिक नेपाली व्याकरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

)))))) (२०६२), सामाजिक र प्रायोगिक भाषाविज्ञान, काठमाडौं : रत्न पुस्तक भण्डार ।

)))))) (२०६२), नेपाली वर्णविन्यास र यसको मानकीकरण, चितवन : बालकुमारी कलेज ।

)))))) (२०६३), भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.), (२०६१), प्रयोगात्मक नेपाली शब्दकोश, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा. लि. ।

आचार्य, अमृतप्रसाद, (२०६३), “नेपाली वृहत् शब्दकोशमा परिवर्तनको खाँचो”, प्राग्ज्योति, विराटनगर : डा. नरेन्द्र चापागाई स्मृति प्रतिष्ठान ।

ढुङ्गेल भोजराज र दुर्गाप्रसाद दाहाल, (२०५९), प्रायोगिक भाषाविज्ञान, काठमाडौं : एम.के. पब्लिसर्स ।

ढुङ्गेल, भोजराज र अन्य, (२०६३) माध्यमिक नेपाली व्याकरण रचना र अभ्यास, काठमाडौं : एम.के. पब्लिसर्स ।

दाहाल, बल्लभमणि, .(२०३३), “नेपाली भाषा र कोश”, नेपाली भाषा अधिगोष्ठी, काठमाडौं : नेराप्रप्र ।

दाहाल, बल्लभमणि र अन्य, (२०३६), अनिवार्य नेपाली शिक्षण निर्देशन (२०४४-४६), काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

दाहाल, बल्लभमणि, (२०४४), “प्राविधिक शब्दावली र लिप्यान्तरण”, कोशविज्ञान कार्यशाला, (लिथो) काठमाडौं : नेराप्रप्र ।

दाहाल, बल्लभमणि र अन्य, (२०५७), अनिवार्य नेपाली शिक्षक निर्देशिका (स्नातक तह), काठमाडौं : त्रि.वि. पाठ्यक्रम विकास केन्द्र ।

पराजुली, कृष्णप्रसाद (सम्पा.) (२०५८), नेपाली उखान र गाउँखाने कथा, काठमाडौं : रत्न पुस्तक भण्डार ।

पोखरेल, बालकृष्ण (सम्पा.) (२०५२), नेपाली वृहत् शब्दकोश, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रकाशन सम्पादन शैली (२०६३), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

बन्धु, चूडामणि (२०४४), "नेपाली भाषामा प्राविधिक शब्दावलीको निर्माण परम्परा" कोशविज्ञान कार्यशाला (लिथो, काठमाडौं : नेराप्रप्र. ।

भट्टराई, गीता (सम्पा.) (२०६०), नेपाली पर्याय-विपर्याय कोश, काठमाडौ : आशिष पुस्तक भण्डार ।

भण्डारी, पारसमणि (२०६३), स्नातकोत्तर नेपाली शिक्षा शोधविवरण, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

लंसाल, रामचन्द्र (२०५७), कोशविज्ञान र नेपाली कोश, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइँटेल, विष्णु (२०५३), तत्सम शब्दको वर्णविन्यास, काठमाडौं : रत्न पुस्तक भण्डार ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०५८), कोशविज्ञान, काठमाडौं : प्रस्तुति प्रकाशन ।

शमशेर, बालकृष्ण (१९९२), नेपाली कसरी शुद्ध लेख्ने ?, (काठमाडौं : नेपाली भाषा प्रकाशिनी समिति ।

शर्मा, मोहनराज, (२०४६), शब्दरचना र वर्णविन्यास : वाक्य खण्ड सहित, काठमाडौं : काठमाडौं बुक सेन्टर ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल, (२०५०), शोधविधि, काठमाडौं : साझा प्रकाशन ।

सिंह, रामआधार (सन् १९९०), कोशविज्ञान सिद्धान्त एवं प्रयोग, भारत : मद्रास उच्चशिक्षा और शोध संस्थान ।

सुवेदी, लालानाथ र हरिप्रसाद शर्मा (२०५१), नेपाली वर्णविन्यास, काठमाडौं : साझा प्रकाशन ।

(ख) अङ्ग्रेजी ग्रन्थ

Sinclair, John, (ed.) (1996 AD.), **Collians COBUILD English Language Dictionary,** London: Collins ELT.

Turner, (1931 AD.) **A Comparative and Etymological Dictionary of Nepali Language,** Kupal, Trench, Turbner London.

Yadav, Y.P. and T.R. Kansakar (ed.) (1998 AD) **Lexicography in Nepal,** Kathmandu: Royal Nepal Academy.

Zugusta, Ladislav (1971 AD), **Manual of Lexicography,** Prague: Academia Publishing House of the Gechaslovia.

**(ग) पत्रपत्रिका**

गाउँले, शिवप्रसाद (सम्पा.) (२०६१ फागुन १६-३०), “शब्द सारथी द्वय” हिमाल; पूर्णाङ्क १४२ ।

ढुङ्गेल, रामप्रसाद, (२०६१ चैत ११), “प्रयोगपरक शब्दकोश” समय; ।

ज्ञवाली, कृष्ण र नवीन भावुक (२०६२), “प्रयोगात्मक नेपाली शब्दकोशको सरसर्ती परिक्रमा गर्दा” सम्प्रेषण अङ्क २, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग ।

भट्टराई, शिवप्रसाद, (२०६१ फागुन) “कोशनिर्माण परम्परामा प्रयोगात्मक नेपाली शब्दकोश” गोरखापत्र ।

भण्डारी, अखण्ड, (२०६१ फागुन १९) “प्रयोगात्मक शब्दकोश” कान्तिपुर : कोशेली ।

भट्टराई, गोविन्दराज, (२०६१ चैत २१), “इलेक्ट्रोनिक युगलाई चुनौती” नेपाल; अङ्क ३३ ।

श्रेष्ठ, दयाराम, (२०६१ वैशाख), “प्रयोगात्मक नेपाली शब्दकोशको प्रयोग पक्ष र स्वरूप” गरिमा; पूर्णाङ्क २६९ ।

**(घ) शोधपत्र**

कँडेल, उदयचन्द्र (२०६४), नेपाली भाषाको वर्णविन्यासमा समस्यापूर्ण रूपमा देखिएका शब्दहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

पोखरेल, शैलजा (२०६१), वर्तमान वर्णविन्यासका निम्ति नेपाली वृहत् शब्दकोशको प्रमाणिकता, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

पौडेल, देवेन्द्र (२०५९), नेपाली भाषाको विकासमा सर राल्फ लिलि टर्नरको योगदान, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. ।

## परिशिष्ट क

### अध्ययनका क्रममा सङ्कलन गरिएका प्रनेशका केही थप उदाहरणहरू:

**वाक्यात्मक प्रयोग**

| | | |
|---|---|---|
| अजस्र | - | नदीको अजस्र प्रवाह हेरेर ऊ दङ्ग पऱ्यो । |
| अथ | - | अथदेखि इतिसम्म यो काम आफैंबाट भएको हो । |
| उत्थापक | - | उनी त्यस संस्थाका उत्थापक हुन् । |
| एक से एक | - | उसका पसलमा एक से एक राम्रा सामान छन् । |
| एलर्जी | - | चिसोले एलर्जी भएको मानिसलाई रुगा लागिरहन्छ । |
| कचिङ्गल | - | उनीहरूका बीचमा सम्पत्तिको बाँडफाँडमा कचिङ्गल पऱ्यो । |
| गम खानु | - | ऊ एकछिन गम खाएर बस्यो । |
| गोताखोर | - | नदीमा डुबेको मानिस खोज्न गोताखोरले डुबुल्की लगायो । |
| चिरन्तन | - | उनीहरूको मित्रता चिरन्तन समयदेखि रहिआएको छ । |
| चूर्ण | - | सिसा फुटेर चूर्ण भयो । |
| छारस्ट | - | गाईले बिस्कुन छारस्ट पारेछ । |
| ढोडको लठ्ठी | - | काम लाग्ला भनेको, यो त ढोडको लठ्ठी पो रहेछ । |
| निभाउनु | - | गाउँमा उसले समाजसेवीको भूमिका निभायो । |
| बकुल्लो | - | कसरी बकुल्लो भएर बस्न सकेको ! |
| मताधिकार | - | देशका नागरिकहरूलाई प्रतिनिधि छान्ने मताधिकार हुन्छ । |
| वचनबद्धता | - | उसले व्यवहारमा आफ्नो वचनबद्धता पूरा गऱ्यो । |

पदावलीगत प्रयोग

| | | |
|---|---|---|
| आयुर्वेदी | - | उदा. आयुर्वेदी औषधी |
| उदर | - | उदा. उदर पीडा, उदर शूल |
| एकीकृत | - | उदा. एकीकृत दल, एकीकृत कार्यक्रम, एकीकृत योजना, एकीकृत विकास |
| कतारो | - | उदा. एक कतारो दही |
| घुट्को | - | उदा. एक घुट्को पानी, एक घुट्को दूध |
| चाम्लुङ. | - | उदा. किराँत थाकथुम चाम्लुङ |
| जगेर्ना | - | उदा. सामानको जगेर्ना, बोटविरुवाको जगेर्ना |
| ताडना | - | उदा. मालिकको ताडनामा परेको नोकर |
| नग्नता | - | उदा. सामाजिक विकृतिको नग्नता |
| प्रदेशीय | - | उदा. पहाडी प्रदेशीय हावापानी |
| बलिन्द्र | - | उदा. आँसुका बलिन्द्र धारा |
| बिफर | - | उदा. बिफर उन्मूलन आयोजना |
| विह्वल | - | उदा. शोकले विह्वल, चिन्ताले विह्वल |
| षड्यन्त्रकारी | - | उदा. षडयन्त्रकारी व्यक्ति, षड्यन्त्रकारी समूह |
| साहित्य | - | उदा. सम्बन्धित साहित्यको पूर्वअध्ययन |

शब्दगत प्रयोग

| | | |
|---|---|---|
| आधान | - | उदा. गर्भाधान, बीजाधान |
| औषध | - | उदा. औषधविज्ञान, औषधशास्त्र |
| कचिला | - | उदा. छोयलाकचिला |
| चर्म | - | उदा. चर्मचक्षु, चर्मरोग |

छिन्न - उदा. छिन्नमस्ता, छिन्नमूल

जनक - उा. चिन्ताजनक, पीडाजनक, सन्तोषजनक

ठूला - उदा. ठूलाठालु, ठूलाबडा, ठूला बा

तन्त्र - उदा. प्रजातन्त्र, राजतन्त्र, गणतन्त्र, भिडतन्त्र

पाश - उदा. कालपाश, बाहुपाश

प्रथा - उदा. दासप्रथा, सतीप्रथा, पर्दाप्रथा, छुवाछुत प्रथा

मोचन - उदा. सङ्कट मोचन, दुःखमोचन, विपत्ति मोचन, ऋणमोचन

विद् - शिक्षाविद्, अर्थविद्, भाषाविद्, कृषिविद्, यन्त्रविद्, वास्तुविद्

हारा - हुतीहारा, हिम्मतहारा, सर्वहारा

लाक्षणिक प्रयोग

जमाउनु - उसले चोरलाई एक लात जमायो ।

थिच्नु - नोकरलाई उसले सधैं थिचेको छ ।

धागो - उनीहरूको सम्बन्धको धागो बलियो छ ।

नन्दीभृङ्गी - मुखिया आफ्ना नन्दीभृङ्गीलाई लिएर बजार घुम्दै छन् ।

पन्चर - उसको दिमाग पन्चर भएछ ।

फल्नु - रुखमा नचढ फल्लास ।

बगाउनु - उसले जाँडरक्सीमा पैसा बगायो ।

बाढी - उदा. विचारको बाढी ।

भकारी - उदा. खानको भकारी, रिसको भकारी ।

बज्र - यो जमिन त बज्र रहेछ ।

सगरमाथा - महँगीले सगरमाथा छोयो ।

भिड्नु - तिमी सङ्गीतमा भिजेका छौ ।

पारिभाषिक शब्द **प्रयोग**

उत्प्रेक्षा - मानौं उनका आँखा ज्योतिका दुई पुञ्ज हुन्

तद्धित - उदा. इया श्र सहरिया, बजारिया

आली श्र लेकाली, हिमाली

इक श्र सामाजिक, आर्थिक

ता श्र एकता, मानवता

अरी श्र त्यसरी, कसरी

ई श्र भित्री, बाहिरी

दन्त्यमूलीय - उदा. च, छ, ज, झ, ट, ठ, ड, ढ, न, ल, र, स

नामिक पदावली - उदा. रामको भाइ, अग्लो ठूलो घर

प्रबन्धकाव्य - उदा. काव्य, महाकाव्य, खण्डकाव्य,

साहित्य - उदा. कविता, नाटक, कथा, उपन्यास आदि ।

पद - विकारी पद, अविकारी पद, क्रियापद आदि।

अव्यय - अघि, पछि, भित्र, बेसरी, राम्ररी, अनि, पनि, तर आदि ।

उपसर्ग - उदा. प्र, अनु, सम्, वि, अघि, बे, बद्, अन् आदि ।

कारक - उदा. कर्त, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण

कोटि - व्याकरणात्मक कोटि, पदकोटि

द्विस्वर - ऐ, औ, आइ, उद्, एइ, ओउ, आउ, इउ, एउ, ओउ

नाम - उदा. मान्छे, कुकुर, रुख, विचार, माया, दया आदि ।

बहुबचन - उदा. मान्छे श्र मान्छेहरू,

केटो श्र केटाहरू

होचो श्र होचा, म श्र हामी

पढ्छ श्र पढ्छन्

वर्ण - उदा. 'काम/खाम' मा क र ख अर्थभेदक वर्ण हुन् ।

व्यञ्जन - उदा. क, च, ट, त, प आदि ।

समास - तत्पुरुष, कर्मधारय, द्विगु, द्वन्द्व, अव्ययीभाव आदि

## परिशिष्ट ख

## कोशविज्ञानसँग सम्बन्धित केही पारिभाषिक शब्दहरूको सूची

| | | |
|---|---|---|
| अक्षर | – | Syllable |
| अच् (अजन्त) | – | Vowel |
| अन्तः केन्द्रित | – | Endocentric |
| अपरिभाषक | – | Nondefining |
| अपशब्द | – | Slang |
| अर्थ | – | Meaning Mood |
| अर्थच्छाया | – | Shadow of Meaning |
| अर्थविज्ञान | – | Semantic |
| अर्थसम्बन्ध | – | Meaning Context |
| अनेकार्थी शब्द | – | Polysemy |
| आक्षरिक | – | Syllabic |
| आगन्तुक शब्द | – | Loan woard |
| आर्थी | – | Semantic |
| आर्थी कार्य | – | Semantic Function |
| आर्थी सम्बन्ध | – | Semantic Relation |
| आवृत्ति | – | Frequency |
| उच्चारण | – | Articulation |
| उद्देश्य | – | Lemma |
| उद्धरण | – | Citation |
| उपप्रविष्टि | – | Sub-entry |

| | | |
|---|---|---|
| उपवाक्य | – | Clause |
| उपसर्ग | – | Prefix |
| उपसर्ग व्युत्पादन | – | Preffixation |
| एकभाषी कोश | – | Monolingual Dictionary |
| एकाइ | – | Unit |
| कर्तृवाच्य | – | Active Voice |
| कर्म | – | Object |
| क्रिया | – | Verb |
| कोशविधान | – | Lexicology |
| कोशविधान विज्ञान | – | Lexicography |
| कोशीय | – | Lexem |
| कोशीय | – | Lexical |
| कोशीय एकाइ | – | Lexical Unit |
| चिन्ह | – | Sign |
| द्वित्व | – | Reduplication |
| द्विभाषिक कोश | – | Bilingual Dictionary |
| नाम | – | Noun |
| नीडन | – | Nesting |
| पदावली | – | Phrase |
| परसर्ग | – | Suffix |
| पर्याय | – | Synonymsm |
| परिभाषा | – | Definition |

| | | |
|---|---|---|
| पाठक निर्देश | – | Reader's guide |
| प्रतिनिर्देश | – | Cross reference |
| प्रत्यक्ष कथन | – | Direct speech |
| प्रयुक्ति | – | Register |
| प्रविष्टि | – | Entry |
| प्राक्कथन | – | Front Matter |
| बहि: केन्द्रिक | – | Exocentric |
| बहुअर्थकता | – | Polysemy |
| बीजक | – | Lebel |
| बोली | – | Dialect |
| भाव | – | sense |
| भेद | – | Veriety |
| मुख्यार्थ | – | Denotational meaning |
| रूप | – | form |
| लक्ष्य भाषा | – | Target language |
| विभक्ति | – | Inflexion |
| विधेय | – | Predicate |
| विपर्यय | – | Antonyms |
| विवृत्ति | – | Gloss |
| विशेषण | – | Adjective |
| विशेषण पदावली | – | Adjective Phrase |
| विशेष्य | – | Head/Noun |

| | | |
|---|---|---|
| विषय क्षेत्र | – | Subject field |
| व्याख्यात्मक | – | Interpretative |
| व्युत्पत्ति | – | Etymology |
| शब्द | – | term |
| शब्द प्रयोग | – | Usage |
| शब्दभण्डार | – | Vocabulary |
| शब्दकोश | – | Dictionary |
| शब्दार्थ विज्ञान | – | Lexicology |
| शाब्दिक | – | Lexical |
| शिष्ट प्रयोग | – | Eupheanism |
| शीर्ष | – | Head/Topic |
| शीर्ष शब्द | – | Head word |
| शीर्षीकरण | – | Topicalization |
| सङ्केतक | – | Signifier |
| संक्षिप्त शब्द | – | Abbreviation |
| सन्दर्भ | – | Refernece, context |
| समावेशी | – | Hyponymy |
| समास | – | Compounding |
| सहप्रयोग | – | Collocation |
| सामग्री | – | Corpus |
| स्रोत भाषा | – | Source language |

**शोधनिष्कर्ष**

- ❖ प्रनेश नेपाली भाषाको पहिलो प्रयोगपरक कोश हो ।
- ❖ यसमा उद्धृत र स्वनिर्मित गरी दुवै किसिमले शब्द प्रयोग गरिएको छ ।
- ❖ प्रनेशमा शब्दको प्रयोग र उच्चारण दिएकाले शैक्षणिक दृष्टिले अन्य कोशभन्दा उपयोगी र व्यवहारिक देखिन्छ ।
- ❖ प्रस्तुत कोशले शब्द प्रयोगमा समसामयिक शब्द प्रयोगलाई जोड दिएको छ ।
- ❖ प्रनेशमा शब्द प्रयोगगर्दा उद्धृत उदाहरण भन्दा स्वनिर्मित प्रयोगलाई जोड दिइएको छ ।